# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २३७ | काठमाडौं | शनिबार, १२ पुस २०८२ | Prabhab National Daily | Saturday, 27 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## तोकिएकै समयमा निर्वाचन गर्न प्रधानमन्त्री दृढ

### सुरक्षाको सवालमा शंका नगर्न आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले आगामी प्रतिनिधिसभा निर्वाचनको सुरक्षाका सवालमा शंका नगर्न आग्रह गरेकी छन्। शुक्रबार नागरिक बचाउ दल नेपालको प्रतिनिधिमण्डलसँगको भेटमा उनले २१ फागुनका लागि घोषित निर्वाचन सफल पार्न सरकारले दृढताका साथ काम गरिरहेको बताइन्।

प्रधानमन्त्री कार्कीले निर्वाचन कुनै पनि हालतमा नसर्ने दाबी गरिन्। 'तपाईं-हामी सबै एक ठाउँमा हुने हो भने कसैले केही गर्न सक्दैन। हतियार, कैदी धेरै फिर्ता भइसकेका छन्। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका लागि स्रोतसाधन उपलब्ध गराइसकिएको छ। निर्वाचनका लागि छुट्टै प्रहरी भर्तीको प्रक्रिया अघि बढेको छ,' उनले भनिन्, 'ठूलै भूकम्प वा आँधीतुफान आएमात्र चुनाव रोकिएला। नत्र फागुन २१ गतेको चुनाव कुनै हालतमा सर्दैन। तपाईंहरू पनि तयारी गर्नुहोस्।'

प्रधानमन्त्री कार्कीले विचारमा फरक भए पनि राष्ट्रिय हितका विषयमा देशभित्रका सबै शक्ति एक ठाउँमा उभिनुपर्नेमा जोड दिइन्। 'चुनावमा भाग लिन ११४ दल दर्ता भएका छन्, फरक विचार भएर नै यति धेरै दल दर्ता भएका होलान्,' उनले भनिन्, 'विचारमा विविधता हुनु र आफ्ना विचारको पैरवी गर्न पाउनु लोकतन्त्रको सुन्दर पक्ष हो। तर यति हुँदाहुँदै पनि राष्ट्रिय हितका निम्ति देशभित्रका सबै शक्ति एक ठाउँमा उभिनुपर्छ।'

निर्वाचनको पक्षमा पनि अहिले सबै

"

- राष्ट्रिय हितका निम्ति देशभित्रका सबै शक्ति एक ठाउँमा उभिनुपर्नेमा जोड
- विचार जनतामा लिएर र जनताबाट अनुमोदित भएर आउने अवसर निर्वाचन भएको प्रस्टीकरण
- पुरानो सोच, पुरानो तरिका र पुरानै व्याख्याले अब चल्नेवाला नभएको प्रधानमन्त्रीको भनाइ

यसैगरी एक ठाउँमा उभिने बेला आएको उनले बताइन्। 'विषम् परिस्थितिमा हामी सबै सम्हालिएर अगाडि बढ्नुपर्ने छ,' उनले अगाडि थपे, 'सबैको विचार एउटै हुँदैन। मेरो विचारमात्र ठीक भन्नु पनि लोकतन्त्रसम्मत हुँदैन। आफ्ना विचार जनतामा लिएर र जनताबाट अनुमोदित भएर आउने अवसर निर्वाचन हो। त्यसैले निर्वाचनलाई सफल पारौं। देशलाई अप्ठ्यारो अवस्थाबाट जोगाउन तपाईंहरू सबै एक ठाउँमा आउनुपर्छ।'

कुनै विषयमा मत-मतान्तर र छलफल हुनु सामान्य भए पनि देशले ठूलो क्षति बेहोरिसक्दा पनि आत्मसमीक्षा नगर्ने प्रवृत्तिबाट भने आफू आश्चर्यचकित भएको उनको भनाइ थियो। 'अहिले हेर्नुहोस्, दक्षिण एसियाका साना मुलुकहरू प्रताडित भइरहेका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

# निर्वाचनका लागि दलसँग सम्बन्ध सुधार्दै सरकार

- मंगलबार दलको कार्यालय पुगेका सञ्चारमन्त्री जगदीश खरेलले शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहालसँग भेटवार्ता
- तीनै शीर्ष नेताले निर्वाचनमा सघाउने आश्वसन दिएको सरकारको दाबी
- दलका नेताहरू भने निर्वाचनको वातावरण तयार नै नभएको भन्दै फागुन २१ गतेको निर्वाचन नहुने संशय फैलाउँदै



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग उनको भक्तपुरको गुण्डुस्थित निवासमा भेटवार्ता गर्दै सञ्चारमन्त्री जगदीश खरेल। *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी विद्रोहको बलमा बनेको सरकारले दलका शीर्ष नेतासँग सम्बन्ध सुधारको थालनी गरेको छ। फागुन २१ गते तोकिएको प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउन सरकारले शीर्ष दलका नेतासँग सम्बन्ध सुधारको प्रयास थालेको हो।

शुक्रबारमात्र सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री जगदीश खरेलले शीर्ष दलका शीर्ष तीन नेतासँग भेटे। खरेलले कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालसँग भेटवार्ता गरेका हुन्।

भेटमा फागुन २१ गते तोकिएको निर्वाचनका लागि वातावरण बनाउने विषयमा गहन छलफल भएको सरकारका प्रवक्ता खरेलले बताए। सबैभन्दा सुरुमा खरेलले कांग्रेस सभापति देउवासँग भेटेका थिए। देउवाले कांग्रेस निर्वाचनकै पक्षमा भएकोले आवश्यक सहयोग गर्ने वचन दिएको खरेलको भनाइ छ। 'फागुन २१ मा निर्वाचनको वातावरण बनाउन राजनीतिक दलका शीर्ष नेतासँग भेटघाट भएको हो। भेटघाटका क्रममा नेपाली कांग्रेसका सभापति देउवाले कांग्रेसको प्राथमिकता निर्वाचन हो भन्नुभयो,' खरेलले भने, 'निर्वाचनको वातावरण बनाउन आग्रह गर्नुभएको छ। यसका लागि गर्नुपर्ने सहयोग गर्छु भन्नुभएको छ।'

एमाले अध्यक्ष ओलीले भने निर्धक्कसाथ निर्वाचनको प्रचार गर्ने अवस्था अझै नबनेको बताएका थिए। यसका लागि सरकारले अझै मिहेनत गर्नुपर्ने सुझाव ओलीको थियो। 'ओलीले सुरक्षाको चासो राख्नुभएको छ। सुरक्षाको प्रत्याभूतिका लागि सरकारले अझै मिहेनत पर्ने देखिएको निर्वाचनको वातावरण अझै नबनेको हो कि भनेर भन्नुभएको छ। सिद्धान्तता एमाले जनमतलाई मान्ने पार्टी हो निर्वाचनमा जानुपर्छ। सुरक्षाको हिसाबलेचाहिँ प्रश्न गर्नुभएको छ,' खरेलले भने।

ओलीलाई भदौ २३ र २४ गतेको जेन-जी विद्रोह घटनाका छानबिनका लागि गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगले स्थानहद तोकेको छ। यो नहटाएसम्म निर्वाचनको वातावरण नबन्ने ओलीले बताउँदै आएको छन्।

⏭ क्रमशः पृष्ठ २ मा

## भनाइ र गराइमा देखिन्न तालमेल

निर्वाचनप्रति शीर्ष दलले अविश्वास जारी राख्दा मंसिर २९ गते सरकारले विभिन्न राजनीतिक दल तथा सरोकार भएकाहरूसँग वार्ताका लागि उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गऱ्यो। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हाको संयोजकत्वमा गठन भएको समितिको सदस्यमा सञ्चारमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल रहेका छन्।

यो समिति मंगलबार कांग्रेस, एमाले र नेकपाको केन्द्रीय कार्यालयमा पुगेको थियो। जलेर नष्ट भएका कार्यालयहरू पुनर्निर्माणको चरणमा छ। सरकारले ती कार्यालयहरू पुनर्निर्माणका लागि सहयोग हुने वा नहुने विषयमा कुनै सरोकार राखेको छैन। यद्यपि, दलका नेताहरूले भने निर्वाचनप्रति संशय नै राखे। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले छलफल र भेटघाटका क्रममा सरकारी प्रतिनिधिसँग निर्वाचनमा सघाउने भने पनि उनी निर्वाचनको पक्षमा नरहेको देउवानिकट नेताहरू बताउँछन्।

मंगलबार देउवाकै मनसायअनुसारको प्रश्न कांग्रेस कार्यालयमा कांग्रेस उपसभापति धनराज गुरुङले सोधेका थिए। उपसभापति गुरुङले प्रधानमन्त्रीले जेठो छोरो मान्ने सुधन गुरुङले निर्वाचनविरोधी अभिव्यक्ति दिइरहेको बताएका थिए।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## स्वास्थ्य परीक्षणको शुल्कवृद्धि खारेज गर्ने निर्णय कायम राख्न संघको माग

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्कवृद्धि खारेज गर्ने निर्णयलाई निरन्तरता दिनुपर्ने माग गरेको छ। संघले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी अदालतमार्फत निर्णय उल्टाउने षडयन्त्र भइरहेकोप्रति खबरदारी गरेको हो।

शुल्कवृद्धि खारेज गर्ने सरकारको निर्णयविरुद्ध केही स्वास्थ्य संस्थाहरूले उच्च अदालत पाटनमा रिट दायर गरेकोप्रति संघले आपत्ति जनाएको हो। न्यायलयले श्रमिकको हितलाई ध्यानमा राखेर निर्णय गर्नुपर्नेमा संघले जोड दिएको छ।

संघले स्वास्थ्य संस्थाका कारण श्रमिकहरूको अधिकार, समय, आर्थिक स्थीति र मानसिक स्वास्थ्यमा गम्भीर असर परेको पनि दाबी गरेको छ। साथै, परीक्षण शुल्कवृद्धि श्रमिकका साथै आफूहरूसँग पनि प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले उक्त मुद्दामा आफूहरू सहभागी हुने निर्णय संघले गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

संघका अध्यक्ष भुवनसिंह गुरुङले कामदारको हक हितलाई केन्द्रमा राखेर हाल भएको निर्णय सदर हुने विश्वास व्यक्त गरे। शुल्क बढाउन माग गर्दै आएका स्वास्थ्य संस्थाले विदेशमा परीक्षण फेल भएर फर्किनु परे कसरी जवाफदेही हुने भन्नेमा कुनै चासो नदेखाएको उनको आरोप छ। साथै, कामदारको स्वास्थ्य परीक्षणबाट कुनै पनि तरिकाले आफूहरूले लाभ नलिने प्रतिबद्धतासमेत जनाए।

'त्यत्रो शुल्क तिरेर परीक्षण गरेपछि कामदार फर्किएर आए पाउने क्षतिपूर्ति कति हो ? कहाँ छ यो विषय ?,' गुरुङले भने, 'संघमा आबद्ध कुनै पनि संस्थालाई कमिसन खाने छुट छैन र माग्नेवाला पनि छैन।' त्यस्तै, सरकारले व्यवसाय नै धराशायी भएको अवस्थामा ५०औं लाखको उपकरण खरिद गर्न बाध्य पारेको स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान)का अध्यक्ष मदन पूर्वेले बताए। नयाँ भनिएको मापदण्ड गरिब कामदारलाई भार थप्ने र सिण्डिकेट ल्याउन खोज्नेलाई बल पुग्नेगरी ल्याइएको उनको आरोप छ।

'सरकारले उपकरण थप्न लगाएको समयमा पाँच लाख निकाल्न पनि अप्ठ्यारो अवस्था थियो। त्यो सबै पैसा विदेशमा गयो,' पूर्वेले भने, 'यो गरिब कामदारलाई भार थप्ने र सिण्डिकेट कायम गरेर बसेका संस्थाका लागि बढाइएको हो।' हरेक निकायमा सिण्डिकेट ल्याउनेहरूकै घुसपैठ भएको र स्वास्थ्य परीक्षणमा समस्याहरू पनि उनीहरूकै कारण देखापरेको उनको आरोप छ। 'विशेषज्ञ समिति, निर्णय गर्नेदेखि अदालत जानेसम्म तिनै सिण्डिकेटधारीहरू छन्।

⏭ क्रमशः पृष्ठ २ मा

## प्रगतिशील मञ्चद्वारा श्रममन्त्रीको ध्यानाकर्षण

### मागपत्र प्रमाणीकरण, सेवा शुल्कलगायत समस्याको समाधानका लागि पहल गरिदिन आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रगतिशील वैदेशिक रोजगार व्यससायी मञ्चले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीलाई व्यवसायीका समस्या समाधानका लागि ध्यानाकर्षण गराएको छ। शुक्रबार मञ्चका अध्यक्ष जनक रावलसहित पदाधिकारीहरूको टोलीले मन्त्री भण्डारीलाई भेटेर बधाइ दिनेक्रममा मागपत्र प्रमाणीकरण, सेवा शुल्कलगायत समस्याको समाधानका लागि पहल गरिदिन आग्रह गरेको हो।

मञ्चले माागपत्र प्रमाणीकरण नहुँदा उदयीमान गन्तव्यका रूपमा रहेका युरोप तथा अमेरिकाका मुलुकमा संस्थागत माध्यमबाट श्रमिक जान नपाएको जानकारी गराएको अध्यक्ष रावलले बताए। परम्परागत गन्तव्यलाई लक्षित गरेर बनाइएको कानुनका कारण यी मुलुकहरूमा कामदार पठाउन अवरोध सिर्जना भएको उनको भनाइ थियो।

सम्बन्धित मुलुकमा दूतावास नहुँदा बिचौलियाले फाइदा उठाइरहेको अवस्थालाई मध्यनजर गर्दै छिट्टै यसको निकास निकालिदिन मञ्चले मन्त्री भण्डारीसमक्ष अनुरोध गरेको थियो। 'मागपत्र प्रमाणीकरण नहुँदा गैरकानुनीरूपमा सामाजिक सञ्जालको प्रयोग गरी कामदारमाथि ठगी भइरहेको छ,' रावलले भने, 'एकातिर वैदेशिक रोजगार विभागमा उजुरीको चाङ बढेको बढ्चै छ, अर्कोतिर उच्च सेवा सुविधा भएका मुलुकमा कामदारहरू जान पाइरहेका छैनन्। मुलुक भित्रने ठूलो विप्रेषण पनि गुमिरहेको छ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

## निर्वाचनका...

यसबारे आवश्यक वातावरण बनाउन सकिने खरेल बताउँछन् । 'सरकारको लक्ष्य नै निर्वाचन हो, यो लक्ष्य प्राप्तिका लागि कुनै अल्झन्, अप्ठ्यारा, चुनौतीहरू छन् भने, त्यसलाई सहज बनाउनुपर्ने छ भने निर्वाचनको गन्तव्यमा पुग्नका लागि सरकारले त्यो खालको वातावरण बनाउँछ, बनाएरै अघि बढ्नुपर्छ,' खरेलले भने ।

नेकपाका संयोजक दाहालले भने तोकिएकै समयमा निर्वाचन हुनुपर्ने र आवश्यक सहयोग गर्न आफ्नो दल तयार रहेको बताएका थिए। 'प्रचण्डले निर्वाचनको विकल्प नभएको बताउनुभएको छ। फागुन २१ गते नै निर्वाचन हुनुपर्ने र निर्वाचनका लागि सरकारलाई सघाउने भन्नुभएको छ,' खरेलले भने ।

■■■

## भनाइ र गराइमा...

'सम्झौता त यहाँहरूकै अघि च्यातिएको छ । के भइरहेको छ ? नच्यात्ने पक्षले चुनाव हुन दिन्नौं भनिसके । त्यसप्रति कत्तिको गम्भीर हुनुहुन्छ, हामी ध्यानपूर्वक हेरिरहेका छौं,' उपसभापति गुरुङले भनेका थिए, 'यहाँहरूको प्रधानमन्त्रीले जसलाई जेठो छोरो भन्नुभयो, त्यही जेठो छोरोले चुनाव हुन दिन्नौं भनेपछि हामीले के भन्नु ? हाम्रो के लाग्छ । केही न केही त छ । आशंका झन् बलियो बनायो ।'

शुक्रबार केन्द्रीय कार्यसम्पादन बैठकपछि कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले फागुन २१ गते निर्वाचन नहुँदैमा आकाश नखस्ने बताए । चिसो मौसम भएकोले वैशाखमा निर्वाचन सार्नुपर्ने मनसाय शर्माको थियो । 'फागुन २१ मा सकिन्छ, फागुन २१ गते नै गरौं नभए वैशाखमा सारौं । फागुनमा निर्वाचन नगर्दैमा आकाश खस्दैन,' महामन्त्री शर्माले भने ।

यता कांग्रेसका नेताहरूकाअनुसार माघमा प्रतिनिधिसभा पुनर्स्थापना हुने भन्दै महाधिवेशनको तयारीमा लाग्न देउवाले निर्देशन दिएका छन् । कांग्रेसका महाधिवेशन पुस २६ गतेका लागि तोकिएकोमा अब महाधिवेशन सर्ने पक्का भएको छ । 'महाधिवेशन अब माघमा सर्छ । त्यहीबेला प्रतिनिधिसभा पुनर्स्थापना पनि हुन्छ भन्ने कुरा छ। प्रतिनिधिसभा पुनर्स्थापना नभए देउवाले महाधिवेशन पनि गर्दैनन्,' कांग्रेसका एक पदाधिकारीले भने ।

नेकपाका संयोजक पुष्पकमल दाहालले आफू प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा नरहेको सञ्चारमन्त्री खरेलसँग भेटपछि तर्क अघि सारे । 'ठूला दुई दल नेपाली कांग्रेस र एमाले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि लागेको देखिन्छ । हामी लाग्दैनौं । फागुन २१ गते निर्वाचन हुनुपर्छ भन्ने हाम्रो माग हो । हामी निर्वाचनको प्रक्रियामा लागिसक्यौं,' दाहालले भने, 'एक-दुई दिनमा कांग्रेस एमाले पनि लाग्छ ।' यद्यपि, नेकपाकै नेताहरू दाहालको बोली अहिले ठीक विपरीत बुझ्नुपर्ने बताउँछन् ।

### फेरि थपियो मन्त्री, पूर्वरथी शर्मालाई बनाइयो परराष्ट्रमन्त्री

दलहरूमात्र हैन सरकारले पनि निर्वाचनको वातावरण बनाउनुभन्दा मन्त्री थप्ने कामतिर लागेको देखिन्छ। निर्वाचन सम्पन्न गर्नुपर्ने सरकारको आयु सकिन लाग्दा शुक्रबार सरकारले पूर्वरथी बालानन्द शर्मालाई परराष्ट्र मन्त्रालयको जिम्मेवारी दिएको छ ।

मन्त्रालयमा कार्यभार सम्हाल्दै नवनियुक्त मन्त्री शर्माले आफू निर्वाचनकै लागि आएको दाबी गरे । 'मैले छिमेकी देशहरूसँग सकारात्मकरूपमा भूमिका खेल्छु । उनीहरू उदयीमान देश हुन् । सहकार्य गर्दै अघि बढ्न सकिन्छ । अहिले मुलुक चुनावमय भइसकेकै छ । गति लिइसकेको छ। चुनावमा मन्त्रालयले छिमेकी र कुनै देशसँग सहकार्य गर्नुपर्ने रहेछ भने सही तरिकाले उठान गर्ने छ,' शर्माले भने । मंसिर २६ गतेमात्रै सरकारले तीन मन्त्री थपेका थिए । श्रममा राजेन्द्रसिंह भण्डारी, वन तथा वातावरणमा माधवप्रसाद चौलागाई र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा श्रद्धा श्रेष्ठले जिम्मेवारी पाएका थिए । सरकारले यो पाँचौंपटक मन्त्रिपरिषद् विस्तार गरेको हो । योसँगै मन्त्रिपरिषद्को संख्या १५ पुगेको छ ।

■■■

## तोकिएकै...

हामी कस्तो मुलुक बन्ने, कस्तो बनाउने भनेर पनि एकपटक मनन गरौं । कुनै विषयमा मत-मतान्तर र छलफल हुनु एउटा कुरा हो । तर, देशै तहसनहस हुँदा पनि नचेत्ने प्रवृत्ति भने अनौठो छ,' उनले अगाडि थपे, 'यो तत्व र त्यो तत्वले खेल्यो भन्छन् । तर, त्यस्ता तत्वलाई खेल्ने ठाउँ कसले बनाइदियो ? कसले निम्त्यायो ? हामी बाहिरियालाई दोष दिन्छौं, आफैंतिर फर्केर भने हेर्दैनौं ।'

अहिले मुलुकमा पुरानो र नयाँ विचारबीच द्वन्द्व भइरहे पनि यो एक घरभित्रको मामिला रहेकाले पारिवारिक वातारणमा मिलाउनुपर्ने उनले बताइन् । 'हामी सबै एक घरभित्रका परिवार हौं । हाम्रा बालबालिका असन्तुष्ट देखिए भने उनीहरूले के खोजेका हुन् भनेर हेरौं,' प्रधानमन्त्री कार्कीले भनिन्, 'पक्कै पनि यो पुरानो र नयाँ सोचबीचको द्वन्द्व हो । पुरानो सोच, पुरानो तरिका र पुरानै व्याख्याले अब चल्नेवाला छैन । हामी सुध्रिन र सच्चिन जरुरी छ ।'

■■■

## स्वास्थ्य...

विशेषज्ञ समितिले उनीहरूलाई कसरी पाल्ने भनेर बनाएको मापदण्ड हो यो,' उनले भने, 'तपाईंहरूले राम्ररी हेर्नुहोला, सिण्डिकेट ल्याउन खोज्नेहरूले अहिलेसम्म कसैलाई क्षतिपूर्ति दिएको रेकर्ड छैन । हामीले जहाँबाट ल्याएर भए पनि दिइरहेका छौं ।' स्वास्थ्य संस्थाले म्यानपावर व्यवसायीलाई कमिसन दिने गरेको आरोप लाग्दै गर्दा अध्यक्ष पूर्वेले कुनै पनि व्यवसायीलाई एक पैसा कमिसन दिन नपर्ने बरु तिनै गरिब श्रमिकलाई थोरै सहुलियत दिएर सेवा प्रवाह गर्न आग्रहसमेत गरे ।

कार्यक्रममा नेपाल ट्रेड युनियन महासंघका उपमहासचिव तथा वैदेशिक रोजगार बोर्डका सदस्य रामचन्द्र कार्कीले स्वास्थ्य संस्थाहरूले सधैं श्रमिकहरूमाथि शोषण गरिरहन नपाउने बताए । यदि सरकारको निर्णय नमाने अर्कै परिणाम आउनसक्ने चेतावनी उनले दिए । 'भोलि लाखौं श्रमिक गएर ती संस्था घेर्ने वातावरण बन्न सक्छ । सरकारले भनेको निर्णय मान्नुहोस् । पीडित श्रमिकलाई धेरै पीडा नदिनुहोस्,' कार्कीले भने, 'सकिन्छ भने अझ घटाउनुहोस् । यदि मान्नुभएन भने ठूलो परिणाम भोग्नुपर्ने छ ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले केही समय अघि छ हजार ५०० रहेको शुल्क बढाएर नौ हजार ५०० रूपैयाँ बनाएको थियो । श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले गत पुस ४ गते उक्त शुल्कवृद्धि खारेज गर्ने निर्णय गरेका थिए । उक्त निर्णयपछि हाल विगतकै छ हजार ५०० रूपैयाँ कायम भएको छ । सरकारको यो निर्णयको नेपाल स्वास्थ्य व्यवसायी महासंघ र नेपाल मेडिकल व्यवसायी संघले विरोध गर्दै आएका छन् ।

■■■

## मागपत्र...

यसको यथाशीघ्र समाधानका लागि पहल गरिदिन अनुरोध गरेका छौं ।' त्यस्तै, व्यवसायीले रोजगारीमा जाने श्रमिकलाई १० हजार रूपैयाँ सेवा शुल्कमा पठाउन नसक्नेसमेत प्रस्ट पारिएको उनले बताए । भारत, पाकिस्तान, बंगलादेशलगायतका गन्तव्य मुलुकहरूले लिने शुल्कको तुलनामा यहाँ तोकिएको शुल्क निकै कम भएको र स्वयं सरकारले जिटुजीमार्फत पठाउँदा पनि एक लाख रूपैयाँभन्दा बढी लिँदै आएको अवस्थामा १० हजार रूपैयाँ सेवा शुल्क अव्यावहारिक भएको मञ्चको दाबी छ ।

श्रममन्त्रीसमक्ष कामदारको एक महिनाको तलबबराबरको शुल्क लिन पाउने व्यवस्था गरिदिन माग गरेको अध्यक्ष रावलले बताए । मन्त्री भण्डारीसँगको भेटमा मञ्चले जापान रोजगारीमा संस्थामार्फत कामदार पठाउन सरकारले तदारुकता नदेखाउँदा श्रमिक ठगिने क्रम नरोकिएकोसमेत जानकारी गराएको छ ।

साथै, दक्षिण कोरियाको ई-सेभेन भिसा र संयुक्त अरब इमिरेट्स (युएई) मा प्रहरी रिपोर्ट प्रमाणीकरण गराउन लाग्दै आएको अतिरिक्त शुल्कका विषयमा पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको छ । मन्त्री भण्डारीले व्यवसायीका समस्याका विषयमा अवश्यक अध्ययन गर्ने बताएको मञ्चका अध्यक्ष रावलले जानकारी दिए ।

■■■

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१२ गते**

यस कम्पनीको मिति २०८२/०८/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रोज एकेडेमी बारा प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुमैय्या एकेडेमि इङ्गलिस उर्दु बोर्डिङ स्कुल बारा (प्रा.लि.नं. १३१०६१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०९/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १६६ को ३२२१.९१ घनफिट काठ र साल जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**पशुपति सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ८, मकवानपुर**


### साउदीमा रोजगार

कम्पनी : MIX STONE READY MIX CONCRETE FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 336174 | चलानी नं. ६०२४९६६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

### कतारमा रोजगार

कम्पनी : ALARAB CONTRACTING AND TECHNOLLOGY

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 330149 | चलानी नं. ६०२४४०७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1500 | ५९,११० | | | | | | | |
| 3 | Masons (Block & Tiles) | 2 | 0 | 1200 | ४६,४९० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1500 | ५९,११० | | | | | | | |
| 5 | Physician (M.D.)(M/F) | 1 | 0 | 1000 | ३८,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

### साउदीमा रोजगार

कम्पनी : IMDAAD ADVANCED LAND TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 331661 | चलानी नं. ६०२४५४४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २० गते (4th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम इजाजत नं. ७९४/०६५/०६६


**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी**

## आर्थिक बोलपत्र खोल्ने सम्बन्धि सूचना

**सूचना प्रकाशन मिति: २०८२/०९/१२** (December 27, 2025)

यस आयोजनाद्वारा मिति २०८२/०५/१९ गतेको सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक प्राप्त भएका बोलपत्रहरूको प्राविधिक मूल्यांकन हुँदा देहाय बमोजिमका निर्माण व्यवसायीहरूको बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएकोले निम्न मितिमा आर्थिक बोलपत्र खोलिने व्यहोरा सम्बन्धित सबैलाइ जानकारी गरिन्छ ।

बोलपत्र खोलिने मिति: २०८२/०९/२० बिहान ११ बजे, स्थान: PUDBC, DOTI

| S.N. | Contract ID | Substantially responsive Bidders |
|---|---|---|
| 1 | PUDBC/DOTI/WORKS/NCB/1-082/083 | 1. Kailash- New Jagadamba JV, Baitadi<br>2. Jenisha Bibek JV, Dadeldhura |
| 2 | PUDBC/DOTI/WORKS/NCB/2-082/083 | 1. Kailash Construction, Baitadi<br>2. Panchakoshi-Krish-Bhumiraj JV |
| 3 | PUDBC/DOTI/WORKS/NCB/4-082/083 | 1. Upahar/Jamuna J.V., Achham<br>2. New Nepal-Jaya Shree Baidhanath JV<br>3. Golden-Bhim JV, Achham<br>4. Sawad Construction Comapny Pvt. Ltd |
| 4 | PUDBC/DOTI/WORKS/NCB/6-082/083 | 1. Unnati -Manilek JV, Doti<br>2. AR-Ashish-Hariganga JV<br>3. BP-G.B JV, Kailali<br>4. Anamol Nirman Sewa, Bajhang |
| 5 | PUDBC/DOTI/WORKS/NCB/8-082/083 | कुनैपनि बोलपत्रदाता सारभूत रूपमा प्रभावग्राही नभएको । |

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, १२ पुस, २०८२**

| | |
|---|---|
| **मेष** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृष** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **मिथुन** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **कर्कट** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **सिंह** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कन्या** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **तुला** | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृश्चिक** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **धनु** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **मकर** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कुम्भ** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मीन** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ पुस, २०८२ (२७ डिसेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४३.३६ | १४३.९६ |
| युरो | १ को | १६९.०९ | १६९.७९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९३.७४ | १९४.५५ |
| स्विस फ्रैन्क | १ को | १८२.२२ | १८२.९८ |
| अस्ट्रेलियन डलर | १ को | ९६.२५ | ९६.६५ |
| क्यानाडियन डलर | १ को | १०४.८५ | १०५.२८ |
| सिङ्गापुर डलर | १ को | १११.६९ | ११२.१६ |
| जापानी येन | १० को | ९.२० | ९.२३ |
| चिनियाँ युआन | १ को | २०.४४ | २०.५२ |
| साउदी अरब रियाल | १ को | ३८.२२ | ३८.३८ |
| कतारी रियाल | १ को | ३९.३३ | ३९.४९ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.०४ | ३९.२० |
| मलेसियन रिङेट | १ को | ३५.४४ | ३५.५९ |
| दक्षिण कोरियन वन | १०० को | ९.८९ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १५.६५ | १५.७१ |
| डेनिस क्रोनर | १ को | २२.६४ | २२.७३ |
| हङकङ डलर | १ को | १८.४४ | १८.५१ |
| कुवेती दिनार | १ को | ४६६.६४ | ४६८.५९ |
| बहराइन दिनार | १ को | ३८०.०६ | ३८१.६५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्रतिनिधिसभा सदस्यको निर्वाचनमा क-कसलाई लाग्छ आचारसंहिता ?



**काठमाडौं–** आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई स्वच्छ, मर्यादित र विश्वसनीय बनाउन कुन-कुन निकायलाई आचारसंहिता लाग्ला ? धेरैलाई जिज्ञासा रहेको हुनसक्छ ।

यद्यपि, नेपालमा यसअघि पटक-पटक निर्वाचन भएकाले आचारसंहिता कुन-कुन क्षेत्रमा लाग्छ भन्ने सामान्यता थाहा हुन्छ नै । निर्वाचन आयोगले तयार पारेको र हाल परामर्शका क्रममा रहेको निर्वाचन आचारसंहिताअनुसार नेपाल सरकारका मन्त्रीलाई पूर्णरूपमा आचारसंहिता लाग्छ ।

यसैगरी, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र त्यसका पदाधिकारी, संघीय सरकार र प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारीलाई आचारसंहिता लाग्छ । स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्ने छ ।

राजनीतिक दल तथा राजनीतिक दलका भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिलाई आचारसंहिता लाग्नेगरी प्रस्ताव गरिएको छ ।

सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुमगन समितिका पदाधिकारी तथा अनुमगनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्ववद्यालय, सोका शिक्षक तथा कर्मचारी, मतदाता, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था र त्यसका कर्मचारीलाई पनि पूर्णरूपमा आचारसंहिता लाग्ने छ ।

त्यस्तै, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदारलाई पनि आचारसंहिता लाग्छ । वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिलाई पनि आचारसंहिता लाग्ने छ । आयोगले प्रस्ताव गरेको आचारसंहिता आवश्यक सुझाव र सल्लाहसहित केही दिनभित्रै लागू हुने जनाइएको छ । *रासस*

# पशुपतिनाथमा रातभर धनुर्मास पूजा



**काठमाडौं (प्रस)–** प्रत्येक वर्ष सूर्यनारायण धनु राशिमा रहेका बेला शुभ साइत जुराएर पशुपतिनाथ मूल मन्दिरमा गरिने धनुर्मास पूजा बिहीबार रातभर विधिपूर्वक गरिएको छ ।

धनुर्मास पूजामा पशुपतिनाथका चारै जना भट्ट ब्राह्मण, पालोवाला भण्डारी, श्रीको भान्छे र अन्य ब्राह्मण सहभागी हुने विधि छ । पशुपतिनाथलाई आदिकलश, पञ्चामृत स्नान, तैलाम्भ्य, श्रीयन्त्र लेखन, शृंगार, श्री चक्रको पूजा, धूप, बत्ती र बालभोग अर्पण गरी मूलभोगका रूपमा भने खिचडी अर्पण गर्ने परम्परा छ । धनुर्मास पूजाका क्रममा अमालकोट कचहरीका तर्फबाट खिचडी भोग दिइएको द्वारे रामकृष्ण डंगोलले जानकारी दिए ।

उनका अनुसार पशुपतिनाथमा महाभोगका लागि ब्राह्मणले दुई वटा खँडकुलामा खिचडी बनाउँछन् । एउटामा सख्खरसहितको र अर्कोमा चिनीसहितको खिचडी बनाउने गरिन्छ । अरु बेलामा पशुपतिनाथमा लगाइने भोगमा नुनिलो सामग्री हुन्छ । आज गुलियो र चिल्लो सामग्री चढाउने विधि रहेको पशुपति क्षेत्रका मूर्त अमूर्त संस्कृतिबारे खोज गरिरहेका कर्मचारी वरुण खतिवडाले जानकारी दिए । पुस महिनाभर सूर्यनारायण धनु राशिमा हुने भएकाले प्रत्येक वर्ष पुस महिनामा बढी भीडभाड नहुने दिनको साइत जुराएर धनुर्मास पूजा आराधना गर्ने परम्परा रहेको उनले सुनाए ।

जानकारहरूका अनुसार चान्द्रमास र सौरमास दुवै पुस महिनामा पारेर धनुर्मास पूजाको साइत निकालिन्छ । पहिले पुस महिनामा नौपटकसम्म धनुर्मास पूजा गर्ने गरिएकामा त्यो परम्परा हाल लोप भइसकेको छ । त्यसबेला भक्तजनले आफ्नो खर्चमा पनि धनुर्मास पूजा गर्न पाउने परम्परा रहेको थियो । धनुर्मास पूजा गर्नुअघि बिहीबार बिहान पशुपतिनाथलाई चिसोबाट बचाउन तातोपानीले स्नान गराउने प्रचलन छ । बाला चतुर्दशीदेखि नै चिसो लाग्ने भएकाले पशुपतिनाथलाई तातोपानीले स्नान गराउने परम्परा छ । पानीमा बस्ने माछासमेत चिसोबाट बच्न पानीको सतहमुनि बस्ने मीनपचासको समयमा पशुपतिनाथलाई चिसोबाट बचाउन धनुर्मास पूजासहित खिचडी खुवाउने वैदिक सनातनी परम्परा छ ।

बिहीबार रातभर धनुर्मास पूजा गरेपछि शुक्रबार पशुपतिनाथलाई उपवास राख्ने गरिन्छ । शुक्रबार बिहानैदेखि बेलुकीसम्म भक्तजनका लागि पशुपतिनाथ मन्दिर बन्द गरिएको छ । मध्याह्न १२ बजेसम्म भने एउटा ढोका भने खोलिएको थियो । उपवासका दिन बिहानै महादेव कैलाश एवं शिवपुरी डाँडामा गएर तोरीको तेल लगाएर घाममा शयन गर्नुहुने धार्मिक विश्वाससमेत परम्परादेखि रहेको छ । यसै विश्वासमा शुक्रबार बिहानै पशुपतिनाथलाई तोरीको तेल लगाउने परम्परा सुरु भएको हो ।

महादेव डाँडामा घाम तापेर बस्ने विश्वासमा कैलाशमा दिनभर खिचडी बनाएर खाने परम्परा भने विगत १६ वर्षदेखि लोप भएको खोजकर्ता खतिवडा बताउँछन् । बेलुकी भने महादेव कैलाश, शिवपुरी डाँडाबाट घाम तापेर फर्कने विश्वासमा नियमित आरती गरिन्छ । शनिबार बिहानदेखि भने नियमित पूजाआराधना गरी भक्तजनका लागि मन्दिर खुलाइने पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक सुभाषचन्द्र जोशीले जानकारी दिए ।

# प्रजिअसहित गृहका १५ कर्मचारीको सरूवा

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित १५ जना उपसचिव र सहसचिवको सरुवा तथा पदस्थापन गरेको छ । मन्त्रालयको शुक्रबारको निर्णयअनुसार सात जना प्रजिअ, छ जना सहसचिव र दुई जना उपसचिवको सरुवा गरेको हो ।

गृह मन्त्रालयले शुक्रबार एक सूचना जारी गर्दै कारागार व्यवस्थापन विभागका महानिर्देशकको सरुवा गरेको छ । नुवाकोटका प्रजिअ शशीधर घिमिरेलाई कारागार व्यवस्थापन विभागको महानिर्देशकमा सरुवा गरिएको छ । गृहका सहसचिवहरू राजन पौडेललाई भोजपुर, लक्ष्मीप्रसाद पौडेललाई पर्वत, रेखा कँडेललाई खोटाङ, शान्तिराज प्रसाईंलाई प्युठान, उमेश ढुंगानालाई लमजुङ र मदन कोइरालालाई कञ्चनपुरको प्रजिअमा पदस्थापन गरिएको छ ।

पर्वतका प्रजिअ हरिप्रसाद घिमिरेलाई दोलखा, तनहुँका प्रजिअ रामकृष्ण अधिकारीलाई सिन्धुपाल्चोक, भोजपुरका प्रजिअ शिवलाल तिवारीलाई तनहुँ, कञ्चनपुरका प्रजिअ लक्ष्मण ढकाललाई इलाम र प्युठानका प्रजिअ दीपकराज नेपाललाई नवलपरासी पश्चिमको प्रमुख जिल्ला अधिकारीका रूपमा सरुवा गरिएको छ । तेह्रथुमका प्रजिअ प्रकाशचन्द्र अधिकारीलाई गृह मन्त्रालयमा ल्याइएको छ । गृहका उपसचिव महेन्द्रकुमार सापकोटालाई सल्यानको प्रजिअ र बन्दना राईलाई तेह्रथुमको प्रजिअमा सरुवा गरिएको छ ।


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र खयर जातको गोलिया थान ६७० को २९४९.२९ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सुन्दर हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ३, मकवानपुर**



## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १४९ को १५५६.२३ घनफिट काठ र साल जातको दाउरा २.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**प्रतिभा सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ८, मकवानपुर**



## साउदीमा रोजगार
कम्पनी : GULF ASIA CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 336082 | चलानी नं. ६०२४९६०२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082



## MAURITIUS मा रोजगार
कम्पनी : PHOENIX BEVERAGES LIMITED

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 328233 | चलानी नं. ६०२४२४१६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 60 | 0 | 20865 | ६४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer driver | 15 | 0 | 19470 | ५९,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



## कतारमा रोजगार
कम्पनी : MEGARME DOHA TRADING AND SERVICES WLL

पूर्व स्वीकृति मिति २०८२/०९/११ | LT. No. 336043 | चलानी नं ६०२४९६५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 5 | 0 | 1550 | ६१,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले व्यहोर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | कल्याणकारी कोषसम्बन्धी व्यवस्थाः | सेवा शुल्क | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.१५००/- कामदार आफैंले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | - |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GSO
GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com
Govt. License 756/064/65



## साउदीमा रोजगार
कम्पनी : Modern Technology Establishment for Refrigeration & Air Conditioning

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 335990 | चलानी नं. ६०२४९६५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 2 | 0 | 1200 | ४६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9801797200, 9801797200, 9808046424, 9819844263, E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np



## कतारमा रोजगार
कम्पनी : AL-NWR LLTJARH WALTNZYFAT WALKHDMAT

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335911 | चलानी नं. ६०२४९६०१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Agents | 0 | 2 | 1200 | ४७,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 0 | 4 | 1000 | ३९,४३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



## युएइमा रोजगार
कम्पनी : FIX SHINE GENERAL CONTRACTING L.L.C. | शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 328905 | चलानी नं.६०२४२७२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 1 | 0 | 1200 | ४६,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger (Male) | 1 | 0 | 1200 | ४६,९७५ | | | | | | | |
| 3 | Pump /compressor Mechanic | 1 | 0 | 1500 | ५८,७२० | | | | | | | |
| 4 | Site Supervisor | 3 | 0 | 2000 | ७८,२९५ | | | | | | | |
| 5 | Welder | 2 | 0 | 1500 | ५८,७२० | | | | | | | |

कम्पनी : BHOLAN BUILDING CLEANING SERVICES CO. LLC | शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०९/04 | LT. No. 335589 | चलानी नं.६०२४९६१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner/Helper | 0 | 6 | 1500 | ५८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker/Packer | 2 | 0 | 1200 | ४२,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80



## युएइमा रोजगार
कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 336090 | चलानी नं. ६०२४९६४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 1000 | ३९,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Operator | 120 | 0 | 1500 | ५८,७२० | | | | | | | |
| 3 | Painter | 8 | 0 | 1500 | ५८,७२० | | | | | | | |
| 4 | Scaffolder | 9 | 0 | 1500 | ५८,७२० | | | | | | | |
| 5 | Welder | 13 | 0 | 1500 | ५८,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## जापानमा रोजगार
कम्पनी : NISHINIHON KENWA COOPERATIVE

पूर्व स्वीकृति मिति २०८२/०७/१९ | LT. No. 333020 | चलानी नं. ६०२४९६३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Piping Foreman | 3 | 0 | 168000 | १,५४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80



## साउदीमा रोजगार
कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LIMITED | सेवा शुल्क : नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/04/३० | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 308872 | चलानी नं.६०२४९४९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY | सेवा शुल्क : १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/२६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 329012 | चलानी नं. ६०२४२७८८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy truck driver | 5 | 0 | 1800 | ६८,९९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GAS ARABIAN SERVICES SAUDI JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 336085 | चलानी नं. ६०२४९४९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HEAVY TRUCKS DRIVER | 8 | 0 | 1800 | ६८,९९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



"पछिल्ला वर्षमा बढ्दो खडेरीका कारण पानीका मुहान सुक्ने र नयाँ घाँसपात पलाउन नसक्ने समस्या देखिएपछि चौंरीपालन व्यवसाय कष्टकर बन्दै गइरहेको छ । याकमा आधारित उनीहरूको सांस्कृतिक पहिचान र सामाजिक जीवनशैलीमासमेत गहिरो संकट सिर्जना गरेको छ । चौंरी हिमाली समुदायका लागि जीविकोपार्जनसँगै धार्मिक आस्था, संस्कार सांस्कृतिक पहिचानसँग गहिरो रूपमा जोडिएको आधारशीला हो । तर, याकचौंरीपालन घट्दै जाँदा घिउ, दही र छुर्पीजस्ता परम्परागत वस्तुसँगै खर्क संस्कृति, चाडपर्व र दैनिक जीवनशैली नै संकटमा पर्दै गएको छ ।"

# संकटमा चौंरीपालन व्यवसाय

**नवीन लामिछाने**/मनाङ

गण्डकी प्रदेशको उत्तरी भेगमा अवस्थित हिमालपारिको जिल्ला मनाङका खर्कहरूमा यतिबेला मुस्किलले चौंरी देखिन्छन् । मनाङ ङिस्याङ गाउँपालिका-५ आइसलेक खर्कमा ढुंगा माटो धेरै र हरिया घाँस कम देखिन थालेका छन् । जाडो मौसममा किसानले आफ्नो घरवरपर पाइने आहारा खोजेर याकचौंरीलाई खुवाउने गर्छन् ।

१० वर्षदेखि याकचौंरीपालन गर्दै आएका मनाङको नासौं गाउँपालिका-४ ओडार गाउँका याक चौंरीपालक किसान सुरेश थकाली समय हिउँ नपर्ने र खडेरी पनि लामो समय भइराख्ने हुनाले मनाङवासीले पानीका मुहान सुक्दै गएको बताउँछन् । उनी भन्छन्, 'पहिले पहिले जतातते खर्कमा घाँस प्रशस्त पाइन्थ्यो । अहिले चरन क्षेत्र र पानीको मुहान सुक्दै जाँदा याकचौंरीपालनमा समस्या बढ्दै गएको छ ।'

थकालीसँग अहिले ७० वटा याकचौंरी छन् । घाँसको अभावमा थकालीले बजारबाट किनेर ल्याएको नाइट्रोजनको दाना खुवाएर पाल्ने गरेको बताउँछन् । 'करिब पाँचदेखि १० वर्षको अन्तरालमा कुनै वर्ष बढी पानी र हिउँपर्ने हुन्छ भने कुनै वर्ष न पानी न हिउँ पर्छ,' किसान थकाली भन्छन्, 'सन् २०२० मा भएको अत्यधिक हिमपातले जनजीवन मात्रै नभई याकचौंरीलाई आहार पुऱ्याउन समस्या भयो ।' अत्यधिक चिसो र हरियो घाँसपात र अन्य पौष्टिक आहारको कमीले मनाङमा सयौं किसानको गोठ खाली भएको अनुभव थकाली सुनाउँछन् । मनाङको नाम्केखर्क, क्याङ, माथिल्लो मनाङ, आइसेलेक क्षेत्रमा नै अनावृष्टि, अतिवृष्टि हुँदा पशुपालनमा मात्रै नभई भू-क्षय जस्ता विपद्बाट स्थानीय किसानलाई चौंरीपालनमा थप समस्या भएको छ । वर्षा र हिमपात पर्ने समय फेरिएकाले किसान चौंरीपालन गर्ने आत्मविश्वास घट्दै थएको थकाली बताउँछन् । हिमपहिरो जानु, हिमताल सक्नु, याकचौंरीका खर्क (घाँसे मैदान) बगरमा परिणत हुँदै गएको मनाङका स्थानीय बासिन्दा बताउँछन् । पानीको अभावले घाँसे मैदान बगरमा परिणत भएपछि याकचौंरीलाई आहार पुऱ्याउन चुनौतीपूर्ण भएको उनीहरूको भनाइ छ ।

नासौं गाउँपालिका-४ ओडारका चौंरीपालक किसान खरमान गुरुङ भन्छन्, 'विगतमा हिउँपर्ने समय एउटै हुन्थ्यो । अहिले कुन बेला हिउँ पर्छ भन्ने थाहा हुँदैन ।' पहिलेपहिले हिमपात हुने समयमा बढी चिसो भएपछि गोठ सार्ने गरिन्थ्यो तर अहिले हिउँ पर्ने समयको ठेगान नै नहुँदा पशुचौपायाको आहार व्यवस्थापन गर्न सकस हुने उनी बताउँछन् । पाँच वर्षअघि भएको हिमपातमा गुरुङको ६३ वटा याकचौंरी मरेका थिए । त्यसपछि उनी थप चौंरी पाल्नलाई आँट नगरेको बताउँछन् । 'पानी र खडेरीको विपद्ले हामी किसान हतोत्साहित भएका छौं, कहिले हिमपातले त कहिले गर्मीले याकचौंरी मर्छन्,' गुरुङ भन्छन् । राष्ट्रिय कृषि जनगणना २०७८ अनुसार नेपालमा हिमाली क्षेत्रमा बसोबास गर्ने १० हजार परिवारको जीविकोपार्जनको प्रमुख स्रोत याकचौंरीपालन हो ।

पछिल्ला वर्षमा बढ्दो खडेरीका कारण पानीका मुहान सुक्ने र नयाँ घाँसपात पलाउन नसक्ने समस्या देखिएपछि चौंरीपालन व्यवसाय कष्टकर बन्दै गइरहेको छ । याकमा आधारित उनीहरूको सांस्कृतिक पहिचान र सामाजिक जीवनशैलीमासमेत गहिरो संकट सिर्जना गरेको छ । चौंरी हिमाली समुदायका लागि जीविकोपार्जनसँगै धार्मिक आस्था, संस्कार सांस्कृतिक पहिचानसँग गहिरो रूपमा जोडिएको आधारशीला हो । तर, याकचौंरीपालन घट्दै जाँदा घिउ, दही र छुर्पीजस्ता परम्परागत वस्तुसँगै खर्क संस्कृति, चाडपर्व र दैनिक जीवनशैली नै संकटमा पर्दै गएको नारका ८४ वर्षीय साङ्माटासी लामा बताउँछन् ।

कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार नेपालमा हाल ७१ हजार ९१३ हजार याक/नाक/चौंरी रहेका छन् । सन् १९६० को दशकमा यसको संख्या करिब दुई लाख थियो । तथ्यांकअनुसार याकको संख्या पछिल्ला तीन वर्षमा १५ प्रतिशतले वृद्धि भएको छ । मन्त्रालयका अनुसार ६० प्रतिशत चौंरीहरू खर्क क्षेत्रमा पालिन्छन् । एक खर्कमा सामान्यतः १५ देखि ५० चौंरीसम्म पालिएको पाइन्छ । खर्कमा नै दूध, घिउ, छुर्पी, पनिर उत्पादन गरिन्छ ।

## जलवायुको प्रभाव

विश्वभर जलवायु परिवर्तनको असर नेपालमा पनि प्रत्यक्षरूपमा देखिएको छ । यसको असर बढी हिमाली क्षेत्रमा पर्दा यहाँका खेतीपातीका साथै पशुपालनमा पनि समस्या पर्दै गएको जल तथा मौसम विज्ञान विभागका मौसमविद् रोहन लामिछानेले जानकारी दिए । 'पछिल्लो समय विशेष गरेर हिमाली क्षेत्रमा अझ बढी प्रभाव परेको देखिएको छ,' उनले भने, 'प्रत्येक वर्ष तापक्रम बढ्दै जाँदा आवश्यकताभन्दा बढी पानी तथा हिमपात हुने मौसमी प्रणाली देखिन्थ्यो तर अहिले सक्रिय भएको मौसमी प्रणाली देखिएको छैन ।'

"१० वर्षदेखि याकचौंरीपालन गर्दै आएका मनाङको नासौं गाउँपालिका-४ ओडार गाउँका याक चौंरीपालक किसान सुरेश थकाली समय हिउँ नपर्ने र खडेरी पनि लामो समय भइराख्ने हुनाले मनाङवासीले पानीका मुहान सुक्दै गएको बताउँछन् । उनी भन्छन्, 'पहिले पहिले जतातते खर्कमा घाँस प्रशस्त पाइन्थ्यो । अहिले चरन क्षेत्र र पानीको मुहान सुक्दै जाँदा याकचौंरीपालनमा समस्या बढ्दै गएको छ ।'"

नासौं गाउँपालिका-४ ओडारका चौंरीपालक किसान खरमान गुरुङ भन्छन्, 'विगतमा हिउँपर्ने समय एउटै हुन्थ्यो । अहिले कुन बेला हिउँ पर्छ भन्ने थाहा हुँदैन ।' पहिलेपहिले हिमपात हुने समयमा बढी चिसो भएपछि गोठ सार्ने गरिन्थ्यो तर अहिले हिउँ पर्ने समयको ठेगान नै नहुँदा पशुचौपायाको आहार व्यवस्थापन गर्न सकस हुने उनी बताउँछन् ।

हिमाली क्षेत्रमा तापक्रम वृद्धिले यस क्षेत्रका कृषि, पशुपालनलगायतमा प्रभावित भएको बताउँदै उनी भन्छन्, 'जति तापक्रम बढ्दै जान्छ, त्यति नै पशुपालन, कृषि क्षेत्रमा असर गर्दै जान्छ । तापक्रम वृद्धिले नै बाढी, पहिरोलगायतका विपद् आउने हुन्छ ।' सुख्खापनले कृषि, पशुपालनमा प्रभाव पारेको देखिएको उनले बताए । विगतमा एउटै समयमा हिमपात तथा पानी पर्ने भएको अभिलेखमा रहेका छन् । सन् २०२१ मा थोरै समयमा धेरै वर्षा भएको र हिमाली क्षेत्रका बस्ती, चरन क्षेत्र, खेतीयोग्य जमिनमा क्षति पुगेका उनले बताए ।

सन् २०२० मा भारी हिमपात, सन् २०२५ मा अकस्मात हिमपात र वर्षाले प्रभाव पारेको अभिलेख पाइएको उनको भनाइ छ । हिमाली क्षेत्रमा छिटोछिटो मौसम परिवर्तन हुँदा बालीनाली फरिने देखिएको लामिछानेको भनाइ छ । हिमाली क्षेत्रमा उत्पादन वा बिरुवा नै हुर्कनै नसक्ने भएकामा अहिले उत्पादन भएको पाइएको देखिन्छ । हिउँसँग सम्बन्धित भएर हुने पशुपालनका रूपमा रहेका याकचौंरीपालन तापक्रम वृद्धि हुँदै जाँदा लोप हुने अवस्थामा पुग्न सक्ने उनको अनुमान छ ।

उनले भने, 'तापक्रम वृद्धि हुँदै जाँदा कसरी एडचाप्टिभ हुने र जनावरका साथै मानवलाई एडचाप्टिभ बनाउनुपर्ने हुन्छ । कुन-कुन व्यवसाय तथा गाईभैंसी पालनको विकास गर्न सकिन्छ जलवायु परिवर्तनमैत्री बनाउन अध्ययन गरेर लाग्नुपर्छ ।' कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशका वरिष्ठ पशु विकास अधिकृत शोभा शर्माले याकको संख्या घट्दै जानुमा जलवायु परिवर्तनको प्रभाव र युवाको वैकल्पिक रोजगारीप्रतिको आकर्षण भएको बताए । नासौं गाउँपालिका-८ ताचैका पशुपालक किसान याद घले घाँसको अभावमा याकचौंरी, भेडाच्यांग्राले माटो चाटेर बाँच्ने गरेको बताउँछन् ।

'हिउँ परे पो यहाँको पालुवा पलाउँछ र पशुचौपायलाई घाँस हुन्छ,' उनी भन्छन्, 'एउटै गोठमा २०० भन्दा माथि याकचौंरी र भेडाच्यांग्रा पालिन्छन् । आफैंले घाँस, दाना खरिद गरेर पाल्न सक्ने अवस्था छैन ।' करिब पुसदेखि फागुन, चैतसम्म याकचौंरी र भेडाच्यांग्रालाई घाँसको समस्या हुन्छ । जौ, करु, उवा, गहुँ, कोलो बोडी, फापरको डाँठ गाईगोरु, याकचौंरीलाई भए पनि भेडाच्यांग्रालाई घाँस पुऱ्याउन नसकिने उनको भनाइ छ ।

उच्च हिमाली क्षेत्रमा तापक्रम १.५-२ डिग्रीसेल्सियसले बढेको अध्ययनले देखाएको हिमजलाधार विज्ञ रिजनभक्त कायस्थ बताउँछन् । 'यसको प्रत्यक्ष प्रभाव खर्क र जलस्रोतमा परेको देखिन्छ,' उनी भन्छन्, 'तापक्रम वृद्धिकै कारण हिउँ पग्लिँदै गएका छन्, पानीका स्रोत सुक्ने क्रम बढ्दो छ । जसले खर्कका साथै पशुपक्षी तथा मानवलाईसमेत प्रभाव परिरहेको छ ।' कायस्थ भन्छन्, 'सिँचाइको अभावले चरन भूमि सुक्खा बन्दै गएका छन् । पहिले हराभरा देखिने चौंरी खर्क अधिक स्थानमा चिरा परेका छन् । कतिपय स्थानमा पानीको अभाव, पहिरोका कारण माटो कटानजस्ता कारणले चरनयोग्य भूमि घटेका छन् ।' चरण भूमिको अभावले यहाँका किसानले याकचौंरीपालन कम गर्दै गएको हुनसक्ने उनी बताउँछन् ।

हिमाली क्षेत्रमा सुख्खापन बढ्दै गएपछि याकचौंरीलाई हुने पौष्टिक घाँसपात र औषधीय जडीबुटी हराउँदै गएका छन् । हिमाली क्षेत्रमा नै हिउँ कम पर्दा हिमरेखा पनि माथि सर्दै गएका छन् । कात्तिक अन्तिम सातादेखि मंसिरको पहिलो साताभित्र चिसोका कारण खर्कबाट याकचौंरीलाई तल्लो खर्क (घर नजिक) सार्ने प्रचलन छ । घाँसेमैदान प्रशस्त हुँदा याकचौंरीको मलमूत्रले अझ मौलाएर हरित वृद्धिमा टेवा पुऱ्याउँदै आएकामा अहिले मुख्यतः पानीको मुहान पनि सुक्दा घाँसेमैदान नै मासिँदै गएका छन् । राष्ट्रिय पशुपक्षी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयका वरिष्ठ पशु विकास अधिकृत आभास पौडेलले हिमाली जिल्लामा तापक्रम वृद्धिका कारण याकमा किर्ना, झिंगा बस्ने समस्या बढ्दै गएकाले याक मर्ने थालेको स्थानीय बासिन्दाले गुनासो गर्ने गरेको बताए ।

बन्यजन्तु संरक्षण र पारिस्थितिकीय प्रणालीमा विद्यावारिधि गरेका श्यामकुमार थापाका अनुसार पछिल्लो समय जलवायु परिवर्तनका कारण चिसो मौसममा हिमालमा हिउँ नपर्ने र गर्मीमा खर्कमा पानी अभाव भई हिमाली भेगका वनस्पती र बुट्यान मर्दै जाने समस्या देखिन थालेको छ । हिमाली क्षेत्रमा चरिचरन घट्दै गएपछि त्यस क्षेत्रका स्थानीय बासिन्दाले चौंरीपालनको वैकल्पिक व्यवसाय खोज्न थालेका छन् । जलवायु परिवर्तनका विज्ञ उत्तमबाबु श्रेष्ठका अनुसार जहाँ खर्कहरू छन्, त्यहाँ तापक्रम वृद्धिद्दर सरदरभन्दा बढी देखिएको छ । कर्णालीको क्षेत्रका हिमाली जिल्लामा लामो समयसम्म खडेरी देखिएको र जसको कारण घाँस सुक्ने, घाँसको गुणस्तर र मात्रा कम हुने समस्या देखिने उनको भनाइ छ ।

## बजारको समस्या

हिमाली क्षेत्रमा प्रतिचौंरी वार्षिक औसत ३०० लिटर दूध उत्पादन हुने कृषि तथा पशुपक्षी विभागले जानकारी दिएको छ । विभागका अनुसार वार्षिक करिब चार हजार मेट्रिक टन घिउ, आठ हजार मेट्रिकटन छुर्पी र पनिर तीन हजार मेट्रिकटन चौंरीको दूधबाट उत्पादन हुँदै आएको छ । एक मध्यम खालको खर्कले प्रतिवर्ष औसत पाँचदेखि १० लाख रूपैयाँसम्म आम्दानी गर्नसक्ने अनुमान गरिएको छ । छुर्पी, घिउ, चौंरीको रौं र मल बिक्रीबाट हुने आम्दानीले हिमाली गाउँमा आर्थिकस्तर वृद्धि सम्भव बनाएको छ । याकचौंरीपालन कम हुँदै गएपछि उत्पादनमा पनि कमी आएको स्थानीय बताउँछन् । विशेषगरी मनाङका पशुपालक किसान प्रत्यक्ष लाभान्वित हुनेगरी बजारको व्यवस्थापन नहुँदा पलायन हुने अवस्था सिर्जना भएको छ ।

नेपाल याकचौंरी किसान महासंघका केन्द्रीय अध्यक्ष पविहाङ राईका अनुसार बजार अभाव र मूल्य अस्थिरताले किसान निरुत्साहित भएका छन् । आयातीत घिउ, मासुले स्थानीय उत्पादन प्रतिस्पर्धी हुन नसकेको उनी बताउँछन् । आयातीतभन्दा स्थानीय उत्पादनलाई प्राथमिकता दिन सके याकचौंरीपालक किसानलाई प्रोत्साहन मिल्ने उनको भनाइ छ । चौंरीखर्कहरू समुद्री सतहबाट तीन हजार मिटरदेखि पाँच हजार ५०० मिटर उचाइसम्म पाइन्छन् । मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, गोर्खा, धादिङ, दोलखा, रसुवा, सिन्धुपाल्चोक, रामेछाप, मुगु, डोल्पा, जुम्ला, हुम्ला, रुकुम पूर्व, कालीकोट, बाजुरा, बझाङ, दार्चुला, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङलगायतका ३१ जिल्लामा व्यावसायिक चौंरीपालक किसान रहेका छन् ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयकी वरिष्ठ पशु विकास अधिकृत शोभा शर्माका अनुसार नेपालभर हाल करिब ३५ हजार खर्क रहेका छन् । तीमध्ये झण्डै १० हजार खर्क सक्रियरूपले चौंरीपालनमा प्रयोग भइरहेका छन् । मलेसियन एनिमल हस्बण्डरी जोर्नल (एमएएचजे)ले गरेको अनुसन्धानले सन् २०१७ सम्म याक, नाक चौंरीपालन वृद्धि भएको थियो भने त्यसपछिको वर्षमा विस्तारै घट्दै गएको बताउँछन् । मनाङमा मात्र करिब एक हजार १५० खर्क सक्रिय छन् । यस्तै मुस्ताङमा ८५०, डोल्पामा एक हजार ३०० र सोलुखुम्बुमा करिब ७५० खर्क सक्रिय छन् । डोल्पा, मुस्ताङ, मनाङलगायतका ठाउँमा व्यापक चरन क्षेत्र र चौंरीपालन परम्परागत जीवनशैलीसँग गाँसिएको हुँदा खर्कको संख्या बढी छन् । दोलखा, ताप्लेजुङलगायतका जिल्लामा खेतीयोग्य जमिन बढी भएकाले चौंरी पाल्ने खर्कको घनत्व कम रहेको छ । वैदेशिक रोजगारी, सहरीकरण, जलवायु परिवर्तन र नयाँ पुस्ताको विकर्षणले याकचौंरीपालन घट्दै गएको छ । सिँचाइको अभावले अधिकांश खर्क संकटमा पर्दै गएको छ । खर्कका नजिकै रहेका तालतलैयालगायत पानीका स्रोत हराउने क्रममा छन् ।

देशभरका युवा वैदेशिक रोजगारी मोहले पलायन हुने संख्या बढेसँगै यहाँका खेतीयोग्य जमिन बाँझिनुका साथै खेतीपाती र पशुपालन चुनौतीपूर्ण बन्दै गएको छ । नार्पाभूमि गाउँपालिका-३ नार गाउँका पशुपालक मिङ्मारछिरिङ लामा भन्छन्, 'वैदेशिक रोजगारी, विकट क्षेत्रका कारण गोठाला नपाइने मुख्य समस्याले पशुपालन घट्दै गएको छ ।' उनका अनुसार नार्पाभूमिमा हरेक वर्ष चार/पाँच परिवारले पशुपालन छाड्दै गएका छन् । केही अन्यत्र पलायन भएका छन् भने केहीले व्यवसाय फेर्ने गरेका उनी बताउँछन् ।

## संरक्षणका प्रयास

गण्डकी प्रदेशले लोपोन्मुख याकचौंरी याक आनुवंशिक स्रोत केन्द्र स्याङबोचे सोलुखुम्बुबाट याक वितरण कार्यको पनि सुरुआत गरेको छ । याकलाई लोप हुन नदिन केन्द्रले हाडनाताबाट देखिने समस्या समाधान गर्ने उद्देश्यले २०७९ सालदेखि मनाङमा याकचौंरीको नश्ल सुधार कार्यक्रमको सुरुआत गरेको छ । शुद्ध नश्लमार्फत याक उत्पादन प्रक्रियाको लागि गाँउमै ब्याड याक वितरण गर्दै आएको केन्द्रका सूचना अधिकारी रामललन यादवले बताए । याकचौंरीपालक व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष सुरेश थकालीका अनुसार सामूहिक याकचौंरीपालन गर्ने मनाङका किसानलाई नौ र मुस्ताङमा १० वटा ब्याड याक वितरण गरिएको थियो ।

चिसो बढेसँगै तीन हजारदेखि पाँच हजार मिटर उचाइका लेकको खर्कमा पुऱ्याइएका याकचौंरी एक हजार ७०० मिटर उचाइको बेँसीतर्फ झारिसकिएको छ । हिउँपर्ने वा चिसो बढ्दै जाँदा यहाँका याकचौंरीलाई घाँस तथा आहारको अभाव हुने गर्दछ । चिसोले यहाँका घाँस सुकेर याकचौंरीको आहार (सोइ) को अभाव हुने हुँदा आफैंले घाँस संकलन गरेर याकचौंरीलाई खुवाउने गरेको किसान बताउँछन् । यहाँका पशुपालक किसानले घाँसको अभाव पूरा गर्न जैविक रूपमा दाना (सोइ) बनाएर खुवाउने गरेका छन् । यहाँका किसानले गर्दै आएका खेतीपाती (गहुँ, करु, कोलो बोडी, फापर) लगायत रैथाने बालीका सुकेका डाँठ, दाना, पिठोको मिश्रण बनाइ खुवाउने गरिएको याकचौंरीपालक किसान महासंघ गण्डकी प्रदेशका अध्यक्ष सुरेश थकाली बताउँछन् । घाँस नपुगेर हुनसक्ने याकचौंरीको दुर्बलतालाई यस प्रकारको दानाले पौष्टिक तथा भिटामिनसमेत पूर्ति गर्ने गरेको किसान बताउँछन् ।

हिमाली जिल्लाका तालतलैया र मुहान सुक्दै गएपछि त्यसको वैकल्पिक उपायको रूपमा 'रिचार्ज पोखरी' निर्माण गर्ने थालेका छन् । वडा नं ६ स्थित पोंकर ताल परिसरमा रिचार्ज पोखरी निर्माण गरिएको नासौं गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले जानकारी दिए । उनले भने, 'मनाङका तालतलैया, प्राकृतिक पानीका मुहान अहिले सुक्दै गएका छन् । यसको संरक्षणका लागि हामीले रिचार्ज पोखरी निर्माण गर्ने निर्णय गरेका हौं ।'

तीन वटा रिचार्ज पोखरी निर्माण गरिएको छ । भिमथाङ र तिल्चेमा रिचार्ज पोखरी निर्माण भइरहेको छ । पोखरीबाट याकलाई पानी खुवाउने व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताए । भिमथाङमा ५० लिटरको रिचार्ज पोखरी बनाइएको छ । जलवायु परिवर्तनले पारेको असर र यसको न्यूनीकरणका लागि समुद्री सतहदेखि चार हजार मिटर उचाइमा रिचार्ज पोखरी निर्माण गरिएको छ । *रासस*



**सोरठी नाच** | आठौं बागलुङ महोत्सवका अवसरमा मौलिक वेशभूषामा सोरठी नाच प्रदर्शन गर्दै करबाकेली पुनमगर समाजका पदाधिकारीहरू । पछिल्लो समय यो नाच लोप हुँदै गएपछि यो समाजले संरक्षणमा जोड दिएको छ । *तस्बिरः डम्मर बूढामगर/रासस*

# कोठेगाउँमा बाँसका सामग्री बनाउनेको संख्या घट्दै

**लेखनाथ (कास्की)**– पोखरा महानगरपालिका-३२ को मालेपाटनस्थित कोठेगाउँमा बाँसका सामग्री बनाउने र बिक्री गर्नेको संख्या घट्दै गएको छ । पहिला गाउँका २८ परिवारले कोठेलगायत बाँसका सामग्री बुनेर बिक्री गर्न गाउँगाउँ पुऱ्याउथे भने अहिले त्यो संख्या घटेर पाँचमा सीमित बनेको हो ।

'बाँसका चोयाबाट कोठो बुन्ने भएकाले पोखरा-३२ को मालेपाटनस्थित सुनार गाउँलाई परापूर्वकालदेखि कोठेगाउँ भन्ने गरिन्थ्यो, तर युवा शिक्षा, रोजगारीका कारण बाहिर जाने तथा वैकल्पिक पेसा अवलम्बन गर्न थालेपछि गाउँमा बाँसका सामग्री बुन्नेको संख्या २८ बाट पाँचमा झरेको छ, ती पनि उमेर कटेकाहरू मात्र छन्,' स्थानीय ६३ वर्षीय गोपाल सुनारले भने ।

उनका अनुसार कोठेगाउँका बेरोजगार युवा पनि यो पेसामा आउन मान्दैनन् । 'बरु विदेशको खाडीमा पुगेर काम गर्न तयार छन् तर यो पेसा गर्दैनन् । अहिलेका केटाकेटीलाई बाँसको काम गर्न लाज लाग्छ अरे,' उनले भने । चोयाबाट कोठो, कोक्रो, भकारी, डोका, नाङ्लो बुनेर मासिक ३० हजार आम्दानी हुने गोपालले जानकारी दिए । 'पहिलेको जस्तो चोयाका सामग्री बिक्रीका लागि बजार खोज्दै जानु पनि पर्दैन, अहिले घरमै आएर व्यापारीले लैजान्छन् । सीप जानेपछि त्यसले जीवनभर आम्दानीको स्रोत सुनिश्चित गरिरहन्छ,' उनले भने ।

वि.सं. २०२७ मा गुल्मीबाट आएर पोखरा-३२ को मालेपाटनमा बसेका २८ सुनार परिवारको मुख्य पेसा चोयाका सामग्री बुन्ने र गाउँगाउँमा लगेर बिक्री गर्ने थियो । विशेषगरी कोदो राख्नका लागि प्रयोग हुने कोठो बढी बुन्ने गरिने भएकाले गाउँको नामाकरण नै कोठेगाउँ रहेको गोपालको भनाइ छ । आगामी १० वर्षपछि कोठेगाउँमा यो पेसा लोप हुने अवस्थामा पुगेको भन्दै गोपालले दुखेसो गरे । 'युवा बुन्दैनन्, बूढाहरू मरेर जान्छन्, अनि गाउँको पहिचान नै मेटिन्छ । एक-दुई जना युवाले यो पेसालाई निरन्तरता हो भने पनि गाउँको पहिचान रहने थियो कि ?,' उनले प्रश्न गरे ।



मानिसको जन्मदेखि मरणसम्म बाँस र बाँसबाट बनेका सामग्रीको प्रयोग हुने भएकाले यो पेसाको संरक्षण र पुस्तान्तरणमा सरोकार भएका निकाय लाग्नुपर्नेमा गोपालले जोड दिए । स-साना घरायसी सामग्रीदेखि ठूलाठूला होटल रेस्टुरेण्टसम्म बाँसबाट बनेका सामग्री प्रयोग हुन्छन् । तर, हामीले त्यसको महत्त्व नबुझ्दा पछि परेका छौं,' उनले भने, 'युवाहरूलाई यो पेसामा आकर्षण गर्नका लागि लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गरेको व्यापार मेलामा मैले कोठो बुनिरहेको छु ।'

घरेलु उपयोगदेखि फर्निचर, खाद्यसामग्री, व्यापारिक प्रयोजन, पशुआहाराका रूपमा पनि बाँसका सामग्री प्रयोग गरिँदै आइएको छ । साथै, भू-क्षय तथा बाढीपहिरो नियन्त्रणमा पनि यसले सहयोग पुऱ्याउने कृषिविज्ञ बेनीबहादुर बस्नेतले बताए । उनका अनुसार बाँस ग्रामीण कृषक तथा विपन्न समुदायको आयआर्जनको महत्त्वपूर्ण स्रोत बनिरहेको छ ।

नेपालमा १२ जातिअन्तर्गत ५३ भन्दा बढी प्रजातिका बाँस पाइने कृषिविज्ञ बस्नेतले जानकारी दिए । उनका अनुसार यीमध्ये सात प्रजातिका बाँस संसारमा कतै नपाइने रैथाने (इण्डेमिक) प्रजातिका छन् । 'नेपालमा दुई जातिअन्तर्गत १० प्रजातिका बेतहरू पाइन्छ । बेत पनि बाँस प्रजातिम पर्ने विज्ञहरू बताउँछन्,' उनले भने । नेपालका तराईदेखि पहाडी क्षेत्रमा बाँस पाइन्छ । तराईको सबैभन्दा होचो भाग झापा जिल्लाको कचनकवल क्षेत्रदेखि चार हजार मिटर उचाइसम्म बाँस पाइने कृषिविज्ञ बस्नेतले जानकारी दिए ।

नेपालमा बाँसको टुसा खानेदेखि बाँसका हचाण्डीग्राफका रूपमासमेत प्रयोग हुन्छ । बाँसका टुसा अचार, तरकारीका रूपमा खाने गरिन्छ । 'बाँसबाट एक हजार ५०० प्रकारका वस्तु बनाउन सकिन्छ,' बस्नेतले भने, 'डोको, नाम्लो, सुपो (नाङ्लो), टेबल, कुर्सीलगायत विभिन्न सामग्री बनाउन सकिन्छ ।' बाँसबाट निर्मित हस्तकला, फर्निचर र घरायसी सामग्रीको माग स्वदेश तथा विदेशमा बढिरहे पनि पर्याप्त ज्ञान र सीपको कमीले व्यावसायिक खेती प्रणालीको विकास हुन नसकेको उनको भनाइ छ ।

बाँसको आन्तरिक बजार अनुमानित एक अर्ब रूपैयाँबराबर रहेको जनाउँदै कृषिविज्ञ बस्नेतले छिमेकी मुलुक चीन र भारतसँग समन्वय गरी सरकारले व्यावसायिक बाँसखेतीको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । 'यहाँ खपत हुने बाँसका कच्चा सामग्रीका लागि नेपाल आत्मनिर्भर छ । तर, बेत सामग्री भारत र बंगलादेशबाट आयात हुन्छ । बाँसका सामग्री आयात र निर्यातमा नेपालले व्यापार घाटा व्यहोर्नुपरिरहेको छ,' उनले भने । *रासस*

# सुदूरपश्चिममा रेबिज संक्रमणको चुनौती बढ्दो

**कञ्चनपुर**– सुदूरपश्चिम प्रदेशमा पछिल्लो समय रेबिज संक्रमणको अवस्था गम्भीर बन्दै गएको छ । जंगली स्याल र भुस्याहा कुकुरको टोकाइबाट पशु तथा मानिसमा रेबिज फैलिन थालेपछि प्रदेशभर जनस्वास्थ्यमा ठूलो चुनौती थपिएको छ ।

धनगढीस्थित पशुपन्छी रोग अन्वेषण प्रयोगशालाका वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीका अनुसार पछिल्लो २० दिनयता कम्तीमा १८ पशुको रेबिजका कारण मृत्यु भएको छ । 'तीन वर्षको अवधिमा ३७१ पशुमा रेबिजको संक्रमण पुष्टि भइसकेको छ,' उनले भने, 'यो त प्रयोगशालालाई जानकारी भएको मात्र हो, यसै बीचमा कम्तीमा पनि पाँच जना मानिसको रेबिज संक्रमणकै कारण मृत्यु भएको जानकारी भएको छ, धेरैजस्तो त जानकारीमै नआउने भएकाले मृत्युको संख्या धेरै हुनसक्ने देखिन्छ ।'

रेबिजकै कारण यसै साता बझाङको सुर्मा गाउँपालिका-२ की ७० वर्षीया महिलाको मृत्यु भएको जानकारी आएको वरिष्ठ पशु चिकित्सक जोशीले बताए । उनका अनुसार यसअघि यसै वर्ष असार महिनामा बैतडीमा एक बालकको पनि रेबिजका कारण मृत्यु भइसकेको छ । सबैभन्दा बढी रेबिजको संक्रमण कैलाली र कञ्चनपुर जिल्लामा रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा संकलित १७० नमूनामध्ये १३६ मा रेबिज पुष्टि भएको छ ।

सो आर्थिक वर्षमा सबैभन्दा बढी संक्रमण कैलालीमा भेटिएको छ । त्यहाँ संकलन गरिएका ९८ नमूनामध्ये ७८ पोजेटिभ पाइएको छ । त्यसपछि कञ्चनपुरमा ५३ मध्ये ४३, अछाममा सातमध्ये पाँच, बझाङका तीन, डोटीका आठमध्ये छ पोजेटिभ परिणाम आएको छ ।

कैलालीको गोदावरी नगरपालिका-६ मा अन्य पशुलाई टोक्दै हिँडेको एक पशुमा दुई दिनअघि मात्रै रेबिज पुष्टि भएको छ । प्रयोगशालाको द्रुत प्रतिकार्य टोली (आरआरटी)ले संकलन गरेको नमूना परीक्षण गर्दा नतिजा पोजेटिभ आएको वरिष्ठ पशु चिकित्सक जोशीले जानकारी दिए ।

यसअघि कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१ मा बहुला कुकुरमा रेबिज पुष्टि भएको थियो भने हाल सोही नगरपालिकाको वडा नं १२ मासमेत कुकुरको आतंक बढ्दै गएको नगरपालिकाको पशुपक्षी विकास शाखाका प्रमुख रामप्रसाद भट्टले बताए । उनका अनुसार पछिल्लो समय स्यालहरू एकाएक मानवबस्तीमा पस्न थालेका छन्, त्यसको मुख्य कारण उखुखेती कटानीका कारण प्राकृतिक बासस्थान नष्ट हुनु रहेको छ । 'उखु कटानीको सिजन सुरु भएपछि स्यालको लुक्ने ठाउँ र आहार क्षेत्र मासिएको छ,' भट्ट भन्छन्, 'बासस्थान अभाव भएपछि स्याल आहाराको खोजीमा बस्ती पस्ने, घरपालुवा कुकुर तथा पशुलाई टोक्ने र त्यसैबाट रेबिजको संक्रमण तीव्रगतिमा फैलिएको छ ।'

पशु चिकित्सक भोजराज पाण्डेयका अनुसार रेबिज सतप्रतिशत प्राणघातक रोग भए पनि समयमै उपचार र सावधानी अपनाएमा ज्यान जोगाउन सकिन्छ । उनका अनुसार कुनै पनि पशुले टोकेमा घाउलाई १०-१५ मिनेटसम्म साबुन र सफा पानीले राम्ररी धुने, घाउ सानो भए पनि ढिलाइ नगरी तुरुन्त स्वास्थ्य संस्थामा गई रेबिजविरुद्धको खोप लगाउने कार्य गर्नु पर्दछ । असामान्य व्यवहार गर्ने, टोक्ने वा रचाल झार्ने पशु देखिएमा स्थानीय तह वा पशुपक्षी सेवा शाखामा तुरुन्त जानकारी गराउने, घरपालुवा जनावरलाई अनिवार्य खोप लगाउन, जंगली जनावर तथा भुस्याहा कुकुरबाट टाढा रहन र बालबालिकालाई विशेष सतर्कता अपनाउन लगाउने कार्य गर्नुपर्ने उनको भनाइ रहेको छ । *रासस*

# कास्कीमा थपिए १७ हजारभन्दा बढी मतदाता

**गण्डकी (प्रस)**– आसन्न निर्वाचनका लागि जिल्लामा १७ हजारभन्दा बढी मतदाता थप भएका छन् । यसअघिको निर्वाचनमा यहाँ दुई लाख ९४ हजार १५१ मतदाता रहेकामा आसन्न निर्वाचनका लागि थप १७ हजार ८४२ जनाले नयाँ मतदाता नामावलीका लागि आवेदन दिएका हुन् ।

जिल्ला निर्वाचन कार्यालयले नयाँ मतदाताका लागि गत असोज १० गतेदेखि मंसिर ५ गतेसम्म आवेदन माग गरेकामा उक्त संख्याका मतदाताले आवेदन दिएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिए । नयाँ मतदाता नामावलीका सम्बन्धमा कार्यालयले थप अध्ययन गरिरहेको उल्लेख गर्दै उनले शीघ्र अन्तिम नामावली प्रकाशन गरिने बताए ।

जिल्लामा निर्वाचनका लागि १५३ मतदानस्थल तय भइसकेका जानकारी दिँदै सूचना अधिकारी न्यौपानेले यसअघिको निर्वाचनमा १५० निर्वाचनस्थल रहेका बताए । उनका अनुसार अन्तिम मतदाता नामावाली तय भएपछि मात्रै मतदान केन्द्रहरूबारे टुंगो लाग्ने छ ।

# चिसोका कारण एक सातादेखि जनजीवन प्रभावित

**महोत्तरी (प्रस)**– पछिल्लो एक सातायतादेखि चिसो अत्यधिक बढेसँगै जिल्ला सदरमुकाम जलेश्वरसहित मध्यवर्ती, पश्चिमवर्ती तथा दक्षिणवर्ती क्षेत्रका नागरिकको जनजीवन प्रभावित भएको छ । शीतलहर, चिसो कठ्यांग्रिँदो हावा, हुस्सु र बाक्लो कुहिरोका कारण यही पुस ४ गतेदेखि मौसम प्रतिकूल हुँदा सर्वसाधारणका साथै पशुचौपाया, पशुपक्षी तथा बालीनाली सबै प्रभावित भएका छन् ।

निरन्तरको बढ्दो जाडोका कारण यो वर्ष कुनै मानवीय क्षति नभए पनि जिल्लाको मध्यवर्ती, पश्चिमवर्ती तथा पूर्व दक्षिणवर्ती विभिन्न गाउँबस्तीका सर्वसाधारणको दैनिकी कष्टकर बनेको स्थानीय बताउँछन् । चिसोका कारण मानिसले कुनै पनि कामकाज गर्न पाएका छैनन् भने बालबालिका र वृद्धवृद्धा बिरामी हुने क्रम बढेको प्रादेशिक अस्पताल जलेश्वरका प्रमुख डा विकास साहले बताए । उनका अनुसार अस्पतालमा अहिले दैनिक १५० देखि २०० सम्म बिराम आउने गरेका छन् ।

बारी तथा खेतमा लगाइएको हिउँदेबाली, दलहन र तरकारी पनि चिसोका कारण कुहिन थालेका किसानले बताएका छन् । चिसोका कारण जिल्ला सदरमुकाम जलेश्वरसहित सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ । यसैबीच, जिल्लाका विभिन्न बजारमा बाक्लो ऊनीका कपडाको बिक्री भने बढेको व्यापारी बताउँछन् ।

जिल्लाका निजी क्लिनिक, स्वास्थ्य केन्द्रलगायत जिल्ला अस्पतालमा चिसोका बिरामीको संख्या वृद्धि भएको प्रादेशिक अस्पतालका प्रमुख डा. साहले बताए । बढ्दै गरेको चिसोलाई मध्यनजर गर्दै जिल्ला विपद् व्यस्थापन समितिले जिल्लाका १५ वटै पालिकालाई आइपर्ने विपद्सँग जुध्नका लागि तयार भएर बस्न निर्देशन दिएको छ ।

प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जिल्ला वन कार्यालयसँग समन्वय गरी सबै पालिकामा उचित दररेटमा दाउरा उपलब्ध गराउन पहल गर्नुका साथै सबै पालिका प्रमुखसँग जनताको जीउज्यान रक्षाका लागि चोकचोक र गाउँगाउँमा दाउरा बाल्न आग्रह गरेको हो । जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका नागरिकलाई चिसो बढिरहेकाले आवश्यक नपरेको खण्डमा घरमा बस्न र बाहिर ननिस्कन आग्रह गरेको छ ।


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ७८ को १६४६.१२ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बागफाल सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-१, मकवानपुर**



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ६५ को ११२२.४४ घनफिट काठ र साल जातको दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बसन्त सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-६, मकवानपुर**



**साउदीमा रोजगार** कम्पनी : SERA LEADING GENERALCONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | LT. No. 335921 | चलानी नं. ६०२४९६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 5 | 0 | 1800 | ६८,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६८,९९८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD** — Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



**साउदीमा रोजगार** कम्पनी : CCL Gulf Limited

पूर्व स्वीकृति मिति : २०८२/०६/११ | LT. No. 335957 | चलानी नं. ६०२४९६४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** — श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**मलेसियामा रोजगार** कम्पनी : FRONTIER FOOD INDUSTRIES SDN BHD(519089-D)

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 336063 | चलानी नं. ६०२४९६४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 5 | 1700 | ६०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD** — श्रम ईजाजत नं. १४३५/०७४/०७५
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com



**युएइमा रोजगार** कम्पनी : N dot K Beauty Lounge

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ | LT. No. 321747 | चलानी नं. ६०२३५८०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist (Female) | 0 | 9 | 1800 | ६७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १९ गते (3rd Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** — Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

# प्रभाव दैनिक

शनिबार, १२ पुस २०८२ (Saturday, 26 December 2025)


रूपशाला

## 'पिआर' ओटिटीमा रिलिज

फिल्म 'पिआर' ओटिटी डिजिटल प्लेटफर्म 'एमएसएम भिडियो'मार्फत प्रसारण भएको छ । बिहिबार (आज)बाट एमएसएम भिडियोमार्फत प्रसारण भएको छ । गत मंसिर २६ गतेबाट प्रदर्शनमा आएको यो फिल्मलाई हलमा हेर्न नपाएका दर्शकका लागि डिजिटल प्लेटफर्ममार्फत सुविधा प्रदान गरिएको हो । शोभित बस्नेतको निर्देशनमा निर्माण भएको यस फिल्ममा नेपालबाट अस्ट्रेलिया पुगेका युवाहरूको समपना स्थायी आवासीय पत्र (पीआर)प्राप्त गर्नको लागि गर्ने संघर्षको कथालाई देखाउन खोजिएको छ । अधिकांश सुटिङ अस्ट्रेलियामा गरिएको छ ।




# 'द ब्ल्यू लाइट'को टिजर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको चलचित्र 'द ब्ल्यू लाइट'को टिजर सार्वजनिक भएको छ । बिहीबार क्रिसमसको अवसर पारेर मौरी पिक्चर्सको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । महेश त्रिपाठी र बेनिशा हमालको संवादसँगै सुरु हुने टिजरले फिल, लभ, रोमान्स, आक्रमण, प्रतिशोध, हत्या, त्रास र कानुनी फन्दा देखाउने प्रयास गरेको छ ।

अविश्वास, नियत र आक्रमणको वरिपरि मुख्य पात्रहरू घुमिरहँदा उनीहरूले कसरी एकले अर्कोलाई सिध्याउने खेल खेलिरहेका छन् भन्ने टिजरमा देख्न सकिन्छ ।

प्रहरीले बयान लिइरहेको दृश्यसँगै अपराधका श्रृंखलाबद्ध घटना टिजरमा समावेश छन् । ब्याकग्राउन्ड स्कोर र कलरले सिनेमाको टोन देखाएको छ । टिजरले साइकोलोजिकल थ्रिल फिल गराउने प्रयास गरेको छ ।

निर्माण टिमले टिजरसँगै सिनेमा रिलिजको नयाँ मिति पनि सार्वजनिक गरेको छ । माघ १६ गते यो सिनेमा रिलिज हुनेछ । यसअघि यो चलचित्र पुस १० गते सार्वजनिक गर्ने भनिएको थियो ।

बलिराम चौहानको निर्देशन रहेको 'द ब्ल्यू लाइट'को प्रमुख भूमिकामा बेनिशा हमाल, अर्पण थापा, आयुसमान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी र सुरक्षा इटानी छन् । चलचित्रमा बाल कलाकारमा ग्रिस्मा कटुवाल र सहारा शर्मा छन् ।

स्काइफल पिक्चर्सले प्रस्तुत गरेको 'द ब्ल्यू लाइट'को को-प्रोडुसरको रूपमा भोलानाथ कटुवाल र रमन ग्रे रहेका छन् । कार्यकारी निर्मातामा भने छाँयाकार नरेन्द्र मैनाली र नायिका बेनिशा हमाल छन् । नरेन्द्र मैनालीले गरेको छायांकन रहेको चलचित्रका आकाश उखेडा मख्य सहायक निर्देशक, रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर, दिलीप पन्त निर्माण नियन्त्रक हुन् ।

# काठमाडौं आइपुगे पञ्जाबी गायक मिक्ससिंह जस

■ प्रभाव संवाददाता

**काठमाडौं–** अंग्रेजी नयाँवर्ष २०२६ को अवसरमा 'पञ्जावी पप नाइट विथ मिक्ससिंह जस'को आयोजना हुने भएको छ । कन्सर्टमा प्रस्तुति दिन 'सुनियाँ सुनियाँ' गीतका चर्चित पन्जाबी गायक मिक्ससिंह जस भारतबाट नेपाल आइपुगेका छन् ।

यसबारे जानकारी दिन पत्रकार सम्मेलनको आयोजना गरिएको थियो, जहाँ गायक जसले नेपालमा दर्शक झुमाउन उत्साहित रहेको बताए । शनिबार साँझ ठमेलस्थित क्लब नोभामा ४ घण्टासम्म उनले दर्शक झुमाउने छन् । त्यहाँ पञ्जाबी भांगडा डान्ससहित १० प्रस्तुति रहने जनाइएको छ ।

कन्सर्टको आयोजना स्किलमाण्डु



नेपालले गरेको छ । यसका लागि १ हजार, २ हजार र ५ हजार शुल्क तोकिएको छ ।

गायक मिक्ससिंह जसले नेपाली खाना र पर्यटन प्रवर्द्धनका लागि आफ्नो भ्रमण विशेष हुने पत्रकार सम्मेलनमा जानकारी दिएका थिए ।

'आफ्नो सुपरहिट गीत 'सुनियाँ सुनियाँ' मा करिब ३० प्रतिशत नेपाली फ्यानको प्रतिक्रिया आएकाले पनि मलाई नेपाल आउने इच्छा बढाएको थियो' उनले भने 'म अबको तीन दिन नेपाल बसाईमा पशुपतिनाथ दर्शन, काठमाडौंका पुरातात्विक सम्पदा र सगरमाथा बेस क्याम्प घुम्ने योजना छ ।'

नेपाली गीत पनि सुन्ने गरेकाले यहाँको संगीतप्रति झुकाव बढेको उनले बताए । आगामी गीतको छायांकन नेपालमा गर्नेदेखि ट्युनिङ मिलेको खण्डमा नेपाली संगीतकर्मीसँग सहकार्यको इच्छा पनि उनले जनाए । यहाँको पर्यटन प्रवर्द्धनमा सघाउन तयार रहेको र यसको लागि संगीत उत्तम माध्यम रहेको उनले बताए ।

# 'झरीपछिको इन्द्रेणी'लाई क्युएफएक्सले हेला गऱ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार तथा निर्देशक अर्जुन घिमिरे 'पाँडे' ले आफ्नो फिल्म 'झरीपछिको इन्द्रेणी' लाई क्युएफएक्स हलले शो नदिएर हेला गरेको गुनासो गरेका छन् । आफ्नो फिल्मका लागि क्युएफएक्सले देशभर जम्मा ५ शो दिएको उनको भनाइ छ ।

'क्युएफएक्सले मेरो फिल्म 'झरीपछिको इन्द्रेणी' लाई सुरु देखिनै देशभर जम्मा ५ शो दिएको छ', पाँडेले भने- 'एउटा फिल्मले क्युएफएक्समा पाउने शो यति हो र ।' सुरुमा थोरै शो दिए पनि दर्शक बढेपछि शो बढाउँछ भन्ने लागेको थियो । तर अहिलेसम्म नबढाएको उनको भनाइ छ । 'अहिले पनि हेर्ने हो क्युएफएक्समा फिल्मले पाएको सबै शो भरिभराउ छन्', पाँडेले थपे- 'दर्शक भएपछि त शोज थप्नु पऱ्यो नि ।' उनले आफ्नो फिल्मलाई जान जान शो नदिएको गुनासो गरे ।

'आजबाट रिलिज भएका हिन्दी फिल्ममा कति दर्शक हुन्छन् थाहा छैन । त्यसलाई २०० बढी शो दिएको छ', पाँडे भन्छन्- 'दर्शकको भएको नेपाली फिल्मलाई किन जम्मा पाँच शो ।'

पाँडेको फिल्म 'झरीपछिको इन्द्रेणी' गत पुस ४ गतेबाट सार्वजनिक प्रदर्शनमा आएको हो । फिल्म आजबाट प्रदर्शनको दोस्रो हप्तामा प्रवेश गरेको छ । दर्शकबाट 'वर्ड अफ माउथ' पाउन सफल फिल्मले पहिलो साता उत्साहजनक व्यवसाय गरेको पाँडेले बताए । 'पाँडे' ले यसै फिल्मबाट निर्देशनमा डेब्यु गरेका हुन् ।

फिल्ममा गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, प्रियना आचार्य (मुन्नी) लगायतको अभिनय छ । फिल्मको एक गीतमा मोडल अञ्जली अधिकारी र कोरियोग्राफर प्रदीप लामा पनि विशेष भूमिकामा देखिनेछन् ।

अभिनेता गणेश उप्रेतीले ९ वर्षपछि र रमेश ७ वर्षपछि यसै फिल्ममार्फत अभिनयमा कमव्याक गरेका छन् । नागराज इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा निर्माण भएको फिल्मले देशको राजनीतिक अस्थिरता, त्यसले जनतामा पारेको प्रभाव र नयाँ पुस्ताको आकांक्षा र आक्रोशलाई मुख्य कथावस्तु बनाएको छ ।



# चौथो त्रियुगा मेयर रनिङ शिल्ड सुरू



■ प्रभाव संवाददाता

**उदयपुर–** त्रियुगा नगरपालिकाको आर्थिक सहयोग तथा नगर युवा तथा खेलकुद विकास समितिको आयोजनामा चौथो त्रियुगा अन्तर मा.वि. मेयर रनिङ शिल्ड प्रतियोगिता शुक्रवार सुरु भएको छ । त्रियुगा नगरपालिका वडा नं १३ स्थित थरुहट रंगशालामा प्रतियोगिता शुरु भएको हो ।

'राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद' भन्ने नारा सहितको प्रतियोगिताको कार्यक्रमका प्रमुख अतिथि त्रियुगा नगरपालिकाका नगर प्रमुख बसन्त बस्नेतले उद्घाटन गरेका हुन् ।

खेलकुद प्रतियोगितामा नगरपालिका भरिका बिद्यालयबाट ३ हजार बढी विद्यार्थीहरूले सहभागीतामा सहभागिता जनाएका छन । त्रियुगा नमुना माविको प्रांगणबाट प्रभातफेरी कार्यक्रम गरि सुरु भएको ऱ्याली थरुहट रंगशालामा मार्च पास गरी प्रतियोगिताको उद्घाटन गरिएको हो ।

प्रतियोगितामा भलिबल, कराँते, तेक्वान्दो, कर्वडी एथलेटिक्स लगायतका ५ विधाका खेलहरू खेलाइने त्रियुगा नगर खेलकुद विकास समितिका अध्यक्ष किरन कार्कीले जानकारी दिए ।

खेल मार्फत विद्यार्थीमा आत्मनिर्भर, स्वावलम्बन र अनुशासनको विकास हुने विश्वाससहित प्रतियोगिताको आयोजना गरिएको नगर प्रमुख बस्नेतले बताए ।

विद्यार्थीलाई पढाईमा मात्र सिमित गर्न नहुने भन्दै हप्ताको अन्तिम दिन शुक्रबार 'बुक फ्री डे' घोषणा गरेर विद्यार्थीलाई अनिवार्य अतिरिक्त क्रियाकलापमा सहभागी गराएको र हरेक वर्ष मेयर रनिङ शिल्ड प्रतियोगिता मार्फत विद्यार्थीलाई पुरस्कृत गर्दै लैजाने योजना अनुसार प्रतियोगिताको आयोजना गरिएको नगर प्रमुख बस्नेतले बताए ।

राष्ट्रियस्तरका प्रतियोगितामा छनोट हुने प्रतियोगिताका लागि मेयर रनिङ शिल्ड प्रतियोगिता एउटा आधारको रूपमा रहेको र यसले विद्यार्थीमा खेल भावानाको बिकास गराउने उल्लेख गरे ।

**बंगलादेश प्रिमियर लिग**

# सन्दीपको टोलीको विजयी सुरूआत

**काठमाडौं–** नेपाली राष्ट्रिय टोलीका लेग स्पिनर सन्दीप लामिछाने आबद्ध राजशाही वारियर्सले बंगलादेश प्रिमियर लिग (बीपीएल)मा रोमाञ्चक जितसहित सुखद् सुरुआत गरेको छ ।

शुक्रबार सम्पन्न खेलमा राजशाहीले सिल्हेट टाइटन्सलाई ८ विकेटले पराजित गरेको हो । सिल्हेटले दिएको १९१ रनको लक्ष्य पछ्याएको राजशाहीले अन्तिम २ बल बाँकी रहँदा २ विकेट गुमाएर १९२ रन बनायो । जितसहित राजशाहीले २ अंक जोडेको छ ।

राजशाहीका कप्तान नजमुल हसेन शान्तोले शतक पूरा गरे । ६० बल खेलेका उनले १० चौका र ५ छक्कासहित १०१ रन बनाए । उनी अविजित रहे । मुशफिकुर रहिमले ३१ बलमा ४ चौका र २ छक्कासहित अविजित रहँदै ५१ रनको योगदान दिए । यी दुईबीच तेस्रो विकेटका लागि १३२ रनको साझेदारी बनेको थियो ।

साहिबजादा फरहान २० र तान्जिद हसन १० रनमा आउट भए । खालिद अहमद र मेहदी हसन मिराजले समान १ विकेट राखे ।

त्यसअघि सिल्हेट अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा टस हारेर पहिला ब्याटिङ थालेको घरेलु टोलीले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १९० रन बनाएको थियो । सिल्हेटका परवेज हुसेन इमनले सर्वाधिक ६५ रन बनाए । ३३ बल खेलेका उनले ४ चौका र ५ छक्का प्रहार गरे । रोनी तालुकदारले ३४ बलमा ४ चौकासहित ४१ रनको योगदान दिए । आफिफ हुसेन ३३, साइम अयुब २८ र हजरतुल्लाह जजाई २० रनमा आउट भए । नेपालका सन्दीपले सर्वाधिक २ विकेट लिए । ४ ओभर बलिङ गरेका उनले ३८ रन खर्चिए । बिनुरा फर्नान्डो र तन्जिम हसन सकिबले समान १/१ विकेट लिए । *एजेन्सी*


# राखेप बोर्डमा पाँच सदस्य नियुक्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् (राखेप) बोर्डमा पाँच सदस्य नियुक्त गरेको छ ।

सिंहदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयमा युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले परिषद्को बोर्डमा रिक्त रहेका पदमा पाँच जनालाई नियुक्त गरेको मन्त्रीका स्वकीयसचिव विनोद रिमालले जानकारी दिए ।

परिषद्मा नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वप्रशिक्षक जगतबहादुर टमाटा, रग्बी संघका बोर्ड सदस्य सन्तकुमार मेहता, नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ एजेन्सिज (नारा) को तर्फबाट रोजेश खड्का, नेपाल तेक्वान्दो संघको तर्फबाट कुमार लामा घिसिङ र उद्योग वाणिज्य महासंघको सिफारिसमा



प्रयास कार्कीलाई नियुक्त गरिएको हो ।

चार वर्षका लागि नियुक्त गरिएका सदस्यहरूलाई मन्त्री गुप्ताले पद तथा गोपनियताको सपथ गराईसकेका छन् ।

**नवौं एनभिए भलिबल**

# आर्मी र पुलिस विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा शुक्रबारदेखि सुरु भएको नवौं एनभिए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको समूह 'ए'को आफ्नो पहिलो खेलमा आर्मीले एभरेस्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । खेलमा आर्मीले एभरेष्ट क्लबमाथि पहिलो सेट २५-१७ ले जित्यो भने खेलको दोस्रो सेट २५-१४ तथा तेस्रो सेट २५-२३ ले आफ्नो पक्षमा पाऱ्यो ।

त्यसैगरी भएको महिलातर्फको अर्को खेलमा नेपाल पुलिस क्लबले सुदूरपश्चिम प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गरेको छ । पुलिसले सुदूरपश्चिमलाई पहिलो




सेट २५-१०, दोस्रो सेट २५-६ तथा खेलको तेस्रो तथा अन्तिम सेट २५-११ ले पाखा लगाउदै जित हासिल गऱ्यो । नेपाल भलिबल संघद्वारा आयोजित उक्त प्रतियोगितामा पुरुष र महिला गरी २० टोलीको सहभागिता रहेको छ । जसमा पुरुषतर्फ १२ तथा महिलातर्फ आठ टोली सहभागी छन् । प्रतियोगिता यही पुस २० गतेसम्म सञ्चालन हुनेछ ।

# चीनको उच्चगतिको रेल नेटवर्कले पार गऱ्यो ५० हजार किलोमिटर



**बेइजिङ–** जनवादी गणतन्त्र चीनको उच्च गतिको रेल नेटवर्कले शुक्रबार नयाँ रेल लाइन सञ्चालनमा आएसँगै कुल सञ्चालन दूरी ५० हजार किलोमिटर पार गरेको छ । सरकारी सञ्चारमाध्यमले जनाएअनुसार यो उपलब्धिसँगै चीनले विश्वकै सबैभन्दा ठूलो रेल सञ्जाल भएको देशको हैसियतलाई अझ बलियो बनाएको छ ।

चीनसँग रहेको रेल सञ्जालको कुल लम्बाइ पृथ्वीको परिधिभन्दा करिब पाँचौं लामो रहेको बताइएको छ । यसले देशभित्रको आवागमनमात्र नभई, क्षेत्रीय आर्थिक एकीकरण र विकासलाई समेत तीव्र बनाएको सरकारी अधिकारीहरूको भनाइ छ ।

राज्य प्रसारक सिसिटिभीका अनुसार नयाँ उच्चगतिको रेल सेवा चीनको ऐतिहासिक र सांस्कृतिकरूपमा प्रसिद्ध टेराकोटा योद्धाहरूको घर सिआन सहरबाट सुरु भई उत्तरतर्फ यानान सहरसम्म सञ्चालनमा आएको हो । यी दुवै सहर उत्तरी चीनको साङ्सी प्रान्तमा पर्दछन् ।

यस रेल परियोजनाको निर्माण सन् २०२० मा सुरु हुँदा केही घरहरू भत्काउनु परेको थियो । त्यतिबेला विस्थापित हुनुपरेका बासिन्दाहरूलाई प्रतिघर पाँच हजार युआन (करिब ७०० अमेरिकी डलर) का दरले स्थानान्तरण भत्ता उपलब्ध गराइने स्थानीय अधिकारीहरूले जानकारी दिएका थिए ।

राज्यको स्वामित्वमा रहेको चाइना रेलवेले शुक्रबार जारी गरेको विज्ञप्तिमा सन् २०२० को तुलनामा चीनको समग्र रेल नेटवर्क करिब ३२ प्रतिशतले विस्तार भएको उल्लेख गरिएको छ । यसलाई यातायात पूर्वाधारमा गरिएको दीर्घकालीन लगानीको परिणामका रूपमा हेरिएको छ ।

सिआन-यान उच्चगतिको रेल लाइनको कुल लम्बाइ २९९ किलोमिटर रहेको छ । सबैभन्दा छिटो यात्रामा यस दूरी पार गर्न ६८ मिनेटमात्र लाग्ने सिसिटिभीले जनाएको छ । यो सेवाले दुवै सहरबीचको दूरीलाई उल्लेखनीयरूपमा छोटचाएको छ । सि९३०९ नामक ट्रेन अधिकतम् ३५० किलोमिटर प्रतिघण्टाको गतिमा सञ्चालन हुने बताइएको छ । यस गतिले जापानको प्रसिद्ध शिन्कान्सेन रेललाई समेत उछिनेको छ, जसको अधिकतम् गति ३२० किलोमिटर प्रतिघण्टा रहेको छ ।

यसैबीच, बेइजिङले आफ्नो बेल्ट एण्ड रोड इनिसिएटिभअन्तर्गत अन्य एसियाली मुलुकहरूमा पनि रेल पूर्वाधार विकासका लागि आर्थिक सहयोग गर्दै आएको छ । विश्वव्यापी पूर्वाधार परियोजनाहरूलाई सहयोग गर्ने उद्देश्यले सुरु गरिएको उक्त पहलअन्तर्गत केही योजनाहरू सफलतापूर्वक अघि बढिरहेका छन् भने केही परियोजना रोकिएका वा विवादमा परेका छन् भन्ने तथ्य पनि सार्वजनिकरूपमा स्वीकार गरिएको छ । *रासस/एएफपी*

# म्यान्मामा पाँच वर्षपछि आमचुनाव हुँदै




**बैंकक–** म्यान्मामा आइतबार पाँच वर्षपछि पहिलोपटक आमनिर्वाचनको पहिलो चरण हुँदै छ । तर आलोचकहरूका अनुसार यो चुनावले सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि कमजोर बनेको लोकतन्त्र पुनःस्थापना गर्ने छैन भने सैन्य शासनले निम्त्याएको गहिरो गृहयुद्धको समाधान पनि गर्ने छैन ।

चार वर्षअघि सेनाले आङ सान सुकी नेतृत्वको निर्वाचित सरकार अपदस्थ गरेपछि सुरु भएको सैन्य शासनलाई वैधानिकता दिन बहुदलीय लोकतन्त्रमा फर्किएको देखाउन यो चुनावको तयारी गरिएको हो । तर उक्त अधिग्रहणपछि सुरु भएको व्यापक जनआन्दोलन गृहयुद्धमा परिणत भइसकेको छ, जसका कारण धेरै क्षेत्रमा मतदान नै गर्न कठिन भएको छ ।

निर्वाचन तीन चरणमा हुने तय भएको छ । पहिलो चरण आइतबार, दोस्रो जनवरी ११ र तेस्रो जनवरी २५ मा हुनेछ । निरन्तर द्वन्द्वका कारण केही क्षेत्रमा मतदान नहुने जनाइएको छ । मानवअधिकार समूह र विपक्षी दलहरूले यो चुनाव स्वतन्त्र र निष्पक्ष नहुने दाबी गर्दै वास्तविक शक्ति सैन्य प्रमुख वरिष्ठ जनरल मिन आङ ह्लाइङकै हातमा रहने बताएका छन् । इन्टरनेसनल क्राइसिस ग्रुपका म्यान्मा विश्लेषक रिचर्ड होर्सीले सन् २०२१ को सत्ता कब्जा गर्ने उही सेनाले नै चुनाव सञ्चालन गरिरहेको उल्लेख गर्दै यी निर्वाचनलाई 'विश्वसनीय नरहेको' बताएका छन् ।

उनका अनुसार सेनाको रणनीति सैन्य समर्थित युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) लाई जित दिलाई नागरिक शासनजस्तो देखिने तर सेनाको नियन्त्रण कायम रहने व्यवस्था बनाउने हो । यसबाट म्यान्माले क्षेत्रीय संगठन आसियानको शान्ति प्रस्तावअनुसार समावेशी संवादतर्फ अघि बढेको दाबी गर्न सक्ने छ ।

चीन, भारत र थाइल्याण्डजस्ता छिमेकी मुलुकहरूले स्थिरताको नाममा समर्थन जारी राख्न सक्ने विश्लेषकहरूको भनाइ छ । तर पश्चिमी देशहरूले भने सैन्य शासनको प्रजातन्त्रविरोधी कदम र दमनका कारण प्रतिबन्ध कायमै राखेका छन् ।

सैन्य सरकारले सन् २०२१ फेब्रुअरी १ मा सन् २०२० को निर्वाचन अवैध भएको दाबी गर्दै सत्ता लिएको थियो । तर स्वतन्त्र पर्यवेक्षकहरूले त्यतिबेला गम्भीर अनियमितता नदेखिएको बताएका थिए । यसपटक ३३० टाउनसिपमध्ये पहिलो चरणमा १०२ सिटमा मतदान हुने छ । द्वन्द्वका कारण ६५ क्षेत्रमा मतदान हुने छैन । ५७ दलले उम्मेदवारी दिए पनि अधिकांशले स्थानीयस्तरमै प्रतिस्पर्धा गरिरहेका छन् । नियमका कारण युएसडिपी नयाँ सरकारको नेतृत्वमा आउने सम्भावना बलियो देखिएको छ ।

राष्ट्रिय र प्रादेशिक व्यवस्थापिकाका एक हजारभन्दा बढी सिटका लागि करिब पाँच हजार उम्मेदवार मैदानमा छन् । केन्द्रीय निर्वाचन आयोगले मतदाताको कूल संख्या सार्वजनिक गरेको छैन, तर सन् २०२० मा तीन करोड ७० लाखभन्दा बढी मतदाता थिए ।

पूर्वनेत्री आङ सान सुकी र उनको नेसनल लिग फर डेमोक्रेसी पार्टी यस चुनावमा सहभागी छैनन् । सुकीले हाल राजनीतिक रूपमा प्रेरित आरोपमा २७ वर्षको जेल सजाय भोगिरहेकी छन् र नयाँ सैन्य नियम मान्न अस्वीकार गरेपछि उनको पार्टी विघटन गरिएको थियो । अन्य धेरै दलले पनि चुनाव बहिष्कार गरेका छन् ।

यस वर्ष लागू गरिएको कडा निर्वाचन सुरक्षा कानुनले राजनीतिक गतिविधिमा थप प्रतिबन्ध लगाएको छ । पछिल्ला महिनाहरूमा सयौं व्यक्तिलाई अभिव्यक्ति र अनलाइन गतिविधिका कारण मुद्दा लगाइएको छ । यसले सेनासमर्थित दललाई प्रभुत्व जमाउने र मिन आङ ह्लाइङलाई राष्ट्रपतिको पदतर्फ अघि बढाउने वातावरण तयार गरेको विश्लेषकहरू बताउँछन् । म्यान्माको द्वन्द्वले गम्भीर मानवीय संकट सिर्जना गरेको छ । स्वतन्त्र संस्थाहरूका अनुसार २२ हजारभन्दा बढी व्यक्ति राजनीतिक कारणले हिरासतमा छन् र सात हजार ६०० भन्दा बढी नागरिक मारिएका छन् । ३६ लाखभन्दा बढी मानिस विस्थापित भइसकेका छन् ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले चुनावअघि नै हिंसा, दमन र धम्की बढिरहेको जनाएको छ । एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूले चुनावले दोषीहरूलाई झन् बलियो बनाउने डर व्यक्त गरेका छन् । विश्लेषक होर्सीका अनुसार निर्वाचनपछि पनि म्यान्मामा द्वन्द्व झन् चर्किन सक्ने सम्भावना उच्च छ । *रासस/एपी*



सिरियाको दमास्कसमा क्रिसमस उत्सवको क्रममा सान्ता क्लजको पहिरनमा सजिएका यरीयन बालबालिकाहरू । *तस्बिरः सिन्ह्वा*

# जापानको रक्षा बजेटमा नयाँ कीर्तिमान

**टोकियो–** जापान सरकारले आर्थिक वर्ष सन् २०२६ का लागि हालसम्मकै सबैभन्दा ठूलो रक्षा बजेट प्रस्ताव गरेको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार प्रस्तावित रक्षा बजेट नौ खर्ब चार अर्ब येन पुगेको छ, जुन करिब ५८ अर्ब अमेरिकी डलर बराबर हुन्छ ।

यो रकम चालु आर्थिक वर्ष सन् २०२५ का लागि तोकिएको आठ खर्ब ७० अर्ब येनको प्रारम्भिक रक्षा बजेटभन्दा बढी हो । प्रस्तावित बजेट सन् २०२३ देखि २०२७ सम्मको अवधिमा करिब ४३ खर्ब येन रक्षा क्षेत्रमा खर्च गर्ने जापानको दीर्घकालीन योजनाअनुसार तय गरिएको हो ।




बजेटअनुसार तटीय सुरक्षा मजबुत बनाउन 'शिल्ड' नामक तहबद्ध रक्षा प्रणाली निर्माणका लागि १०० अर्ब १० करोड येन विनियोजन गरिएको छ । यस प्रणालीका लागि हवाई, समुद्री सतह तथा पानीमुनि प्रयोग हुने विभिन्न प्रकारका सवारीसाधन आवश्यक पर्ने जनाइएको छ । साथै, हवाई क्षेत्र उल्लंघनको निगरानी गर्न लामो समयसम्म उड्न सक्ने मानवरहित यान प्रयोगको सम्भावना अध्ययन गर्न एक अर्ब १० करोड येन छुटचाइएको छ ।

यसैबीच, गत अप्रिल १ गते स्वीकृत चालु आर्थिक वर्षको १८ खर्ब ३० अर्ब येनको पूरक बजेटमा सुरक्षा र कूटनीतिका लागि एक खर्ब ७० अर्ब येन समावेश गरिएको छ । यसले जापानलाई रक्षासम्बन्धी खर्चलाई कूल राष्ट्रिय उत्पादनको दुई प्रतिशत पुऱ्याउने लक्ष्य आर्थिक वर्ष २०२५ भित्रै हासिल गर्न सहयोग पुग्ने बताइएको छ, जुन पहिले तय गरिएको समयभन्दा दुई वर्ष अगावै हो ।

दशकौंसम्म जापानले रक्षा बजेटलाई कूल राष्ट्रिय उत्पादनको करिब एक प्रतिशत, अर्थात् झण्डै पाँच खर्ब येनमा सीमित राख्दै आएको थियो । तर व्यापक जनविरोधका बाबजुद जापान सरकारले सन् २०२२ मा आर्थिक वर्ष २०२७ सम्म रक्षासम्बन्धी खर्चलाई क्रमशः कूल राष्ट्रिय उत्पादनको दुई प्रतिशतसम्म पुऱ्याउने लक्ष्य तय गरेको थियो । *रासस/सिन्ह्वा*

# अपदस्थ राष्ट्रपति युनविरुद्ध १० वर्ष कैदको माग

**सियोल–** दक्षिण कोरियाका अपदस्थ राष्ट्रपति युन सुक योलविरुद्ध सन् २०२४ मा मार्सल ल लागू गर्ने असफल प्रयास तथा पदमा रहँदा उत्पन्न भएका अन्य गम्भीर आरोपहरूसम्बन्धी सात आपराधिक मुद्दामध्ये पहिलोमा स्वतन्त्र अभियोजनकर्ताले शुक्रबार १० वर्षको जेल सजाय माग गरेका छन् ।

यो पहिलो मुद्दामा युनमाथि अनुसन्धान र हिरासतमा लिन खोज्ने अधिकारीहरूको आदेशको अवज्ञा गरेकोलगायतका आरोप लगाइएका छन् । युनले सबै आरोप अस्वीकार गरेका छन् भने उनका कानुनी प्रतिनिधिहरूले हिरासतसम्बन्धी वारेन्ट नै अवैध र गैरकानुनी भएको दाबी गर्दै आएका छन् । अदालतले आगामी महिनाको सुरुआतमा यस मुद्दामा फैसला सुनाउने अपेक्षा गरिएको छ । युनले यसबाहेक भ्रष्टाचार, व्यापारिक स्वार्थलाई संरक्षण गरेको र विद्रोहजस्ता गम्भीर अभियोगहरूमा समेत छुट्टाछुट्टै मुद्दा भोगिरहेका छन् । विद्रोहसम्बन्धी अभियोगमा आजीवन कारावास वा मृत्युदण्डसम्मको सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको छ र उक्त मुद्दा पनि अन्तिम चरणतर्फ अघि बढिरहेको बताइएको छ ।

युनद्वारा गरिएको मार्सल ल घोषणाले सशस्त्र सेनालाई सियोलका सडकमा उतारेको थियो, जसले दक्षिण कोरियामा दशकौंयताकै



सबैभन्दा गम्भीर राजनीतिक संकट सिर्जना गरेको मानिन्छ । यद्यपि, सांसदहरू राष्ट्रिय सभामा प्रवेश गर्न सफल भई उनको आदेश खारेज गर्ने पक्षमा मतदान गरेकाले मार्सल ल केही घण्टामै समाप्त भयो । त्यसपछि विपक्षी दलको नियन्त्रणमा रहेको संसद्ले डिसेम्बर २०२४ मा युनलाई महाभियोग लगाएको थियो र अप्रिल २०२५ मा संवैधानिक अदालतको फैसलासँगै उनी औपचारिकरूपमा राष्ट्रपतिको पदबाट बर्खास्त भएका थिए ।

शुक्रबार स्वतन्त्र विशेष सल्लाहकार चो युन-सुकको टोलीले सियोल केन्द्रीय जिल्ला अदालतसमक्ष युनलाई आधिकारिक कर्तव्यमा बाधा पुऱ्याएको, शक्तिको दुरूपयोग गरेको, सरकारी कागजातहरू झूटो बनाएको र प्रमाण नष्ट गरेको आरोपमा १० वर्षको जेल सजाय दिन माग प्रस्तुत गरेको हो ।

महाभियोगपछि युन आफ्नो निजी निवासमै लुकेर बसेको र हप्तौंसम्म उनलाई हिरासतमा लिन जारी गरिएको वारेन्ट कार्यान्वयन गर्न खोज्ने अधिकारीहरूको प्रयासमा अवरोध पुऱ्याएको अभियोजनपक्षको भनाइ छ । यस अवस्थाले राष्ट्रपति सुरक्षा सेवा र हिरासतमा लिन खटिएका अधिकारीहरूबीच शारीरिक झडप हुन सक्ने चिन्ता पैदा गरेको थियो र यसले देशभित्रको राजनीतिक विभाजनलाई थप गहिरो बनाएको बताइएको छ ।

चो सल्लाहकारको टोलीका वरिष्ठ अन्वेषक पार्क इको-सूले शुक्रबारको सुनुवाइमा युनको व्यवहारलाई 'आधिकारिक कर्तव्यको अभूतपूर्व अवरोध' भनेर वर्णन गरेका छन् । अभियोगअनुसार युनले मार्सल ल घोषणा गर्नुअघि कानुनले अनिवार्य गरेको पूर्ण मन्त्रिपरिषद् बैठक नगरेको, मार्सल लसम्बन्धी कागजातहरू तयार पारेको र उक्त प्रक्रिया कार्यान्वयनमा संलग्न व्यक्तिहरूले प्रयोग गरेका मोबाइल फोनहरूबाट डेटा मेटाउन आदेश दिएको आरोप पनि खेपिरहेका छन् । *रासस/एपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फयाक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६९३०० | प्रति तोला – ० | प्रति तोला – ४५६५ |




हात्ती महोत्सव | चितवनको सौरहामा क्षेत्रीय होटल सङ्घ नेपाल, चितवनद्वारा शुक्रबार आयोजित १९औं चितवन हात्ती महोत्सवमा ज्याली गर्दै हात्तीहरू । सौराहामा हरेक वर्ष हात्ती महोत्सव आयोजना गरिँदै आएको छ । *तस्बिरः गोपाल दाहाल/रासस*

## मुस्ताङ भन्सारबाट ११ अर्बको सामान निकासी-पैठारी

■ प्रभाव संवाददाता

**मुस्ताङ–** कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयबाट रु ११ अर्ब एक करोड ९५ लाख बराबरको सामान निकासी पैठारी भएको छ । गत ३० भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको नेपाल-चीनस्थित कोरला नाकाबाट १० पुससम्ममा निकासी तथा पैठारी गरी उक्त मूल्य बराबरको वित्तीय कारोबार भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिए । कोरला नाका पूर्ण रूपमा सञ्चालनमा आएदेखि हालसम्म यहाँको कोरला नाका हुँदै चीनतर्फबाट रु १० अर्ब ८२ करोड ९८ लाखको मालवस्तु नेपाल भित्रिएको बताए ।

यसैगरी नेपालबाट हस्तकलालगायतका नेपाली उत्पादन रु १८ करोड ९७ लाख ७८ हजार बराबरको मालवस्तु यहाँको भन्सार कार्यालयमा जाँचपाँस भई चीनतर्फ निकासी भएको भन्सार प्रमुख खड्काले जानकारी दिए । कोरला नाकाबाट हालसम्म दुई हजार ७४ विद्युतीय सवारीसाधन नेपाल भित्रिएका छन् । आइतबारदेखि कोरला नाकाबाट थप चिनियाँ विद्युतीय सवारीसाधन नेपाल भित्रिने क्रममा रहेको उनले बताए ।

यसै महिना बिवाइडी कम्पनीले कोरला नाकाबाट पाँच सय बढी विद्युतीय सवारीसाधन चीनबाट पैठारी गरिरहेको भन्सार जनाएको छ । सोही कम्पनीको ३०० बढी विद्युतीय सवारी भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरिसकेको भन्सार प्रमुख खड्काले बताए । यहाँको कोरला नाकाबाट मुस्ताङ भन्सार कार्यालयबाट जाँचपास भई निकासी तथा पैठारी भएका मालवस्तु तथा विद्युतीय सवारीसाधनबाट रु पाँच अर्ब छ करोड ६२ लाख संकलन भएको भन्सार प्रमुख खड्काले जानकारी दिए ।

नेपाली बजारमा विद्युतीय कारको प्रयोग बढ्दै गएकाले पछिल्लो समय नेपालका विभिन्न कम्पनीले कोरला नाकाबाट चीनमा बनेका विद्युतीय सवारीसाधन आयात गर्दैआएका छन् । इन्धनको बचत तथा कार्बन उत्सर्जन घटाउन यस प्रकारका विद्युतीय सवारीसाधन उपयोगी हुने भएकाले सरकारले यस्ता सवारीसाधनलाई भन्सार सहुलियत प्रदान गरिएकाले नेपालमा विद्युतीय सवारीसाधनको माग बढेको हो ।

हिउँदयामको प्रतिकूल मौसममा समेत चीनबाट धमाधम कोरला नाका हुँदै विद्युतीय सवारीसाधन भित्रिएपछि कोरला नाकाको चहलपहल र भन्सार कार्यालयको कार्यसम्पादन गतिशील बनेको पाइएको छ । हिउँदयामसँगै ४६१० मिटरको उचाइमा अवस्थित कोरला नाकाको बिहान र बेलुकीको तापक्रम माइनस २० डिग्री रहेको छ । प्रतिकूल मौसमका बाबजुत कोरला नाकाबाट विद्युतीय सवारीसाधन नेपाल भित्रिदै छन् । यहाँस्थित मुस्ताङ भन्सारमा जाँचपास सकेका विद्युतीय सवारीसाधनलाई जोमसोमसम्म र जोमसोमबाट पोखरासम्म चालकले गन्तव्यतर्फ पुऱ्याउन थालेका छन् । यसरी मुस्ताङबाट बाहिरिएका विद्युतीय सवारीसाधनलाई पोखराबाट अर्को चालक समूहले सम्बन्धित कम्पनीको शोरुमसम्म पुऱ्याउने गरेका छन् ।

## ‘भैरहवा विमानस्थल नियमित सञ्चालन गर्न निजी क्षेत्रको सहयोग आवश्यक’

**लुम्बिनी –** बुद्ध जन्मस्थल लुम्बिनी क्षेत्रमा रहेको एकमात्र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि सरकारसँगै निजी क्षेत्र पनि थप अग्रसर हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । उनीहरूले लुम्बिनी क्षेत्रको पर्यटन क्षेत्रमा राज्य तथा निजी क्षेत्रको अर्बौं लगानी भएको र अन्तरराष्ट्रिय विमानस्थल नियमित सञ्चालनले मात्र पर्यटकीय विकास सम्भव हुने बताएका छन् ।

रूपन्देही उद्योग संघले सञ्चालन गरेको १६औं औद्योगिक प्रदर्शनीका अवसरमा आयोजित पर्यटकीय प्रवेशद्वार र पूर्वाधार लुम्बिनी समृद्धिको आधार विषयक पर्यटन बहसमा सहभागी पर्यटन क्षेत्रका सरोकारवाला तथा विज्ञहरूले पर्यटनको नीतिगत सुधारका साथै बजेटको सही प्रयोग गर्नुपर्ने सुझावसमेत दिएका छन् । उनीहरूले लुम्बिनी प्रदेशका पर्यटकीयस्थलबीचको सहज पहुँच र धार्मिक स्थानमा पर्यटकमैत्री वातावरण बनाउन पनि सुझाएका छन् ।



छलफलमा नियामक निकायका तर्फबाट लुम्बिनी प्रदेश सरकारअन्तर्गतको लुम्बिनी पर्यटन विकास परिषद्का अध्यक्ष रामु जोशीले प्रदेश सरकारले धार्मिक र पर्यटन क्षेत्र छुट्याएर योजना बनाएको बताए । ‘प्रदेशले नीति बनाइरहेको, होमस्टेमा संस्कृति संरक्षणका कार्यक्रम र प्रवर्द्धन गर्ने योजना बनाएका छौं’, उनले भने, ‘लुम्बिनी, बर्दिया राष्ट्रिय निकुन्ज र पाल्पालाई हिलस्टेशनका रूपमा अघि सार्ने योजना बनाएका छौं ।’ उनले प्रदेशबाट ६३० वटा पर्यटकीय गन्तव्य लक्षित गरेर योजना बनाइए पनि बजेट अभावमा ठूला योजना अघि बढाउन नसकिएको बताए ।

पर्यटन क्षेत्रका अध्येता संस्कृतिविद् डा. गीतु गिरीले पर्यटन क्षेत्रमा ठूलो लगानी भए पनि ‘कनेक्टिभिटी’ नभएकाले यसमा ध्यान दिन आग्रह गरिन् । ‘अर्बौं लगानी गरेर संरचना बनायौं तर ‘कनेक्टिभिटी’ नभएकाले त्यो चलायमान बनाउन सकिएन, निजी क्षेत्रबाट पनि योजनाबद्ध काम भएनन्, लुम्बिनीकै विकासलाई बलियो बनाउन सकेनौं’, उनले भने, ‘छिमेकी मुलुकका पर्यटकलाई पनि अन्य देशहरूका पर्यटकलाई जस्तै सम्मान गरौं, त्यसको सन्देश राम्रो जान्छ । सरकारको पर्यटन नीति बन्न सकेन, बनेका पनि कार्यान्वयन भएन, लुम्बिनीमा रहेका ४२ भन्दा धेरै सम्पदा छन् पर्यटकलाई त्यो दिन सकेनौं, बलियो स्टोरी दिन सकेनौं ।’

पर्यटन व्यवसायी सिपी शर्माले पर्यटक टिकाउन किन सकेनौं त भन्ने विषयमा सरकारले मात्र होइन अब निजी क्षेत्रले पनि ध्यान दिनुपर्ने बताए । उनले लुम्बिनीमा रहेका गुम्बाहरूमा विभिन्न देशबाट आउने पर्यटक राखिएकाले बाहिरी क्षेत्र चलायमान हुन नसकेको बताए । उनले भैरहवाको अन्तरराष्ट्रिय विमानस्थल उद्घाटन भएको साढे तीन वर्षमा पनि सञ्चालनमा आउन नसक्नु, सीमा क्षेत्रमा पर्यटकले पाउने समस्याजस्ता विषयमा सरकारी क्षेत्रलाई सुधार्न दबाब दिँदै निजी क्षेत्रले पनि हातेमालो गर्नुपर्ने सुझाव दिए ।

पर्यटन व्यवसायी तथा मणिमुकुन्द सेन उद्यानका अध्यक्ष माधव नेपालले वन ऐन र पर्यटन ऐन संशोधन नभएसम्म पर्यटन क्षेत्रमा कुनै सुधार नआउने तर्क गर्दै यो क्षेत्रका विषयमा बढी हल्ला र काम कमी भएकाले चाहेजस्तो नतिजा नआएको बताए ।

‘सधैं चर्चामात्र भयो अब एक्सनमा जाऔं, वन ऐन र पर्यटन ऐन संशोधन नभएसम्म अहिलेको अवस्था चलायमान हुन सक्दैन, एउटा प्रोजेक्ट चलाउन १० वर्ष अड्काउने शैलीले काम रोकिएका छन्, सरकारी निकायबाटै एकले अर्को कानुन बाझिँदा समस्या भयो’, उनले भने, ‘पार्क र फूलबारी सबैलाई चाहियो तर त्यो बनाउने नीति नै भएन । भएका सम्पदामा कति काम भयो र भएका संरचनाबाटै काम नभएकाले समस्या छ ।’

बुटवल हिलपार्क परिषद्का अध्यक्ष टंकप्रसाद पराजुलीले बुटवलको जितगढी युद्ध संग्राहलय बनाउन रु सात करोड लगानीमा भए पनि अहिलेसम्म प्रयोगमा नआएको बताए । होटल व्यवसायी संघ रूपन्देहीका अध्यक्ष माधव खनालले पर्यटनमैत्री र लगानीमैत्री वातावरण नभएकाले पर्यटन क्षेत्र अस्थिर भएको बताउँदै यसका लागि राजनीतिक स्थायित्व आवश्यक पर्ने स्पष्ट पारे ।

प्राध्यापक डा बाबुराम ज्ञवालीले उद्योगको हिसाबले पर्यटन क्षेत्रमा काम नभएको तथ्य प्रस्तुत गरे । पर्यटन क्षेत्रमा अध्ययनरत विद्यार्थी सुदीप पाण्डेले हिजोको कमजोरी भनेर अब हुँदैन नयाँ पिँढीलाई अपनत्व हुनेगरी योजना दिनुपर्ने बताए ।,

कार्यक्रममा टिप्पणीकर्ता पर्यटन क्षेत्रका अध्येता युवराज कँडेलले नीतिको कमी र बजेटको समस्याले पर्यटन क्षेत्रको विकास हुन नसकेको तर्क गरे । उनले आन्तरिक पर्यटन बढाउन स्थानीय पाठ्यक्रममै पर्यटनका क्षेत्रलाई राख्नुपर्ने, सांस्कृतिक विविधता देखाउनु आवश्यक रहेको बताए । लुम्बिनी बौद्ध विश्वविद्यालयका व्यवस्थापन विभाग प्रमुख डा. श्रीप्रसाद भट्टराईले नीति बनाउने निकायलाई यस्ता कार्यक्रममा सहभागी बनाउनुपर्ने बताउँदै विश्वविद्यालयमा विद्यागत छलफल गराउने योजना बनाउनुपर्नेमा जोड दिए । *रासस*

## पर्यटन नीतिमा महिला सहभागिताबारे संवाद

■ प्रभाव संवाददाता

**काठमाडौं–** दिगो पर्यटन विकासका लागि सरकार, निजी क्षेत्र र स्थानीय तहबीच प्रभावकारी समन्वय र नीतिगत प्रावधानको व्यावहारिक कार्यान्वयनमा जोड दिइएको छ ।




राजधानीमा आयोजित ‘पर्यटन नीति, सम्भावना र महिला सहभागिता’ विषयक कार्यक्रममा वक्ताहरूले पर्यटन क्षेत्रको दीर्घकालीन विकासका लागि महिला सहभागिता अपरिहार्य हुनेमा जोड दिएका हुन् । पर्यटनविद्, अधिवक्ता र पर्यटन क्षेत्रसँग सम्बन्धित पेसामा आबद्ध सहभागीहरूले नेपालको पर्यटन क्षेत्रको वर्तमान अवस्था, नीतिगत चुनौती र महिला सहभागिताको अपरिहार्यतामाथि छलफल गरेका थिए ।

नेपाल पर्यटन बोर्ड, अनुसन्धान, योजना तथा अनुगमन विभागका कार्यवाहक निर्देशक लक्ष्मण गौतमले नेपालको पर्यटन क्षेत्रमा ऐन र नीतिगत सुधारका साथै कार्यान्वयनबारे चर्चा गरे । उनले नयाँ पर्यटन रणनीतिक योजना तयारीको चरणमा रहेको र यसमा महिला, ग्रामीण क्षेत्र, सामुदायिक तथा इकोपर्यटनलाई केन्द्रमा राखिने जानकारी दिए । विसं २०३५ पछि आजसम्म नयाँ पर्यटन ऐन नआउनु गम्भीर विषय भएको भन्दै महिला सहभागितामार्फत प्रभावकारी दबाब सिर्जना गर्नुपर्नेमा गौतमले जोड दिए ।

उनले भने, ‘संविधानले धेरै अधिकार सुनिश्चित गरे पनि व्यवहारमा केही कमजोरी देखिन्छन् । पर्यटन ऐन निर्माणका लागि व्यापक छलफल भए पनि ऐन आउन सकेको छैन । महिलाहरू ‘आधा आकाश’ मात्र होइन, अझ प्रभावकारी शक्ति भएकाले यो विषयलाई अगाडि बढाउन सक्नुहुन्छ ।’

कार्यवाहक निर्देशक गौतमले पर्यटन नीतिको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्दै विसं २०५२ को पर्यटन नीतिले पर्यटन बोर्ड र नागरिक उ•यन प्राधिकरण जस्ता महत्त्वपूर्ण संस्थाको जन्म गराएको चर्चा गरे । विसं २०६५ को नीतिले दिगो पर्यटनलाई प्राथमिकता दिँदै दक्षिण एसियामै नेपाललाई अग्रणी बनाएको स्मरण गरे ।

महिला सेवा संस्था नेपालकी अध्यक्ष भावना भट्टले नेपालमा पर्यटन क्षेत्रका विविध सम्भावनाबारे चर्चा गरिन् । उनले अद्वितीय प्राकृतिक तथा सांस्कृतिक सम्पदा, साहसिक पर्यटन, आन्तरिक पर्यटनको वृद्धि, गैरआवासीय नेपालीको सक्रियता, हवाई सेवाको विस्तार र निजी लगानी बढ्दै जानु पर्यटन विकासका महत्वपूर्ण आधार भएको बताइन् ।

महिलाको नेतृत्वमा होमस्टे, ग्रामीण र सामुदायिक पर्यटन विस्तार हुँदै गएको उल्लेख गर्दै अध्यक्ष भट्टले नीति निर्माण र कार्यान्वयनमा महिला प्रतिनिधित्व अझ सुदृढ गर्नुपर्ने धारणा राखिन् ।

संवादमा सहभागीहरूले नयाँ शासकीय संरचना, तीन तहको सरकार र स्थानीय तहको मजबुतीसँगै समयसापेक्ष नीति आवश्यक भएको भन्दै सरकारले १७ वर्षपछि ल्याएको पर्यटन नीति २०८२ लाई सकारात्मक कदमको रूपमा लिएका छन् ।

पर्यटन नीतिले नेपालको पर्यटन भविष्यका लागि स्पष्ट दिशा देखाएको, समावेशिता, प्रविधि, सार्वजनिक-निजी साझेदारी र महिला सशक्तीकरणलाई नीतिको मेरुदण्डका रूपमा लिएको भन्दै खुसी व्यक्त गरे ।

**इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।**

इन्फ्लुइन्जा (फ्लू) बाट बच्नः

- नियमित रूपमा साबुन पानीले हात धुने गरौं ।
- खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख, रूमाल वा कुहिनोले छोपौं ।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं ।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं ।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं ।
- सफा, ताजा र पोषिलो खाना खाऔं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं ।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ